महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८
रतुवामाई नगरपालिका
मोरङ

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९ मितिः २०७८/५/४
च.नं. ६१

श्री प्रमुखज्यू,
रतुवामाई नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मोरङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा

सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७८/७९ मितिः२०७८/०५/०४
च.नं. ५४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगरप्रमुखज्यू,
रतुवामाई नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मोरङ ।

कैफियत सहितको राय

हामीले रतुवामाई नगरपालिका आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८/०२/२४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना **३२** यसैसाथ संलग्न छ ।
२. लेखापरीक्षणबाट रु.४ करोड ५० लाख ३२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.७ लाख ३८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ करोड १३ लाख ८६ हजार र नियमित गर्नुपर्ने रु.१ करोड २९ लाख ८ हजार रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब-महालेखापरीक्षक

रतुवामाई नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य, १४२.१५ वर्ग किलोमिटर क्षेत्रफल तथा ५५ हजार ३८० जनसंख्या रहेको छ ।

स्थानीय सञ्चित कोषः आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

प्राप्ती भुक्तानी हिसाव

२०७६ श्रावण १ देखि २०७७ आषाढ ३१ सम्म

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		१००७७९१६२.०८	९१८३५९२६३.५४	०	९१८३५९२६३.५४	०	०	०
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		७९०१५३७३०	७२५७३८६४२.२६	०	७२५७३८६४२.२६	०	०	०
११००० कर	११	१४२७६५०००	१०६६१३८५१.८५	०	१०६६१३८५१.८५	०	०	०
१३००० अनुदान		५४५३४९६००	५१६३७२२६९	०	५१६३७२२६९	०	०	०
संघीय सरकार	१२	४९५५९५६००	४६६६१८२६९	०	४६६६१८२६९	०	०	०
प्रदेश सरकार	१२	४९७५४०००	४९७५४०००	०	४९७५४०००	०	०	०
१४००० अन्य राजस्व		४४६५०००	६०४३८५०.५२	०	६०४३८५०.५२	०	०	०
ख. अन्य प्राप्ति		३९४३०४३२.०८	२७००२२४५.२८	०	२७००२२४५.२८	०	०	०
कोषहरु		३९४३०४३२.०८	२७००२२४५.२८	०	२७००२२४५.२८	०	०	०
धरौटी		०	१०४८८३३९.०१	०	१०४८८३३९.०१	०	०	०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		१७११९५०००	१६५६१८३७६	०	१६५६१८३७६	०	०	०
भुक्तानी (ग+घ)		१०००७७९१६२.०८	७२२९४२५२४.३८	०	७२२९४२५२४.३८	०	०	०
ग. भुक्तानी (सञ्चित कोषबाट)		७९०१५३७३०	५३०३२१९०३.१०	०	५३०३२१९०३.१०	०	०	०
२१००० पारिश्रमिक / सुविधा	१८	२३७५३२५००	२००२६५९७८.५०	०	२००२६५९७८.५०	०	०	०
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१०३६५५१००	५९८६२१८०.८१	०	५९८६२१८०.८१	०	०	०
२५००० सहायता (Subsidy)	१८	३४७६८०००	२३२४०७४६.४०		२३२४०७४६.४०			
२६००० अनुदान	१८	६२५००००	१९७१२६९		१९७१२६९			
२७००० सामाजिक सुरक्षा	१८	२११३२०००	१३८४४१०२	०	१३८४४१०२	०	०	०

२८००० अन्य खर्च	१८	४०५००००	२०४९३२२	०	२०४९३२२	०	०	०
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३८२७६६१३०	२२९०८८३०४.३९	०	२२९०८८३०४.३९	०	०	०
घ. अन्य भूक्तानी		२१०६२५४३२.०८	१९४९०५५१४.२३	०	१९४९०५५१४.२३	०	०	०
कोषहरु		३९४३०४३२.०८	२७००२४५.२८	०	२७००२४५.२८	०	०	०
धरौटी			२२८४८९२.९५	०	२२८४८९२.९५	०	०	०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	१६	१७११९५०००	१६५६१८३७६	०	१६५६१८३७६	०	०	०
ङ. यो वर्षको बचत (न्युन)		१०००७७९१६२.०८	१९५४१६७३९.१६	०	१९५४१६७३९.१६	०	०	०
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		९७५७४१३०	१९६७०८६७०.८९	०	१९६७०८६७०.८९	०	०	०
वर्षान्तको बाकी रकम (ङ + च)		१०९८३५३२९२.०८	२९२१२५४१०.०५	०	२९२१२५४१०.०५	०	०	०
बैंक तथा नगद बाकी	२४		१५२२४५३९५.८२	०	१५२२४५३९५.८२	०	०	०

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	• **वित्तीय विवरण विश्लेषण**	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा संचित तर्फ रु. २१४१९३११.१० र अन्य खाता तर्फ रु. ८७१७१०८/- ले फरक देखिएको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । • स्थानियतहले बिभाज्यकोषको हिसाब ब्यबस्थित राखेको पाईएन । यस तहले प्रदेशलाई बाँडफाँड गर्नुपर्ने राजस्व बाँडफाँड नगरी रु. २१५८४५/- मौज्दात राखेको र सो रकमलाई २०७७ आषाढ पछि बाँडफाँड गरेको विवरणबाट देखियो । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।	

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. १११३२३०९९.२२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ९७५७४१३०/- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १३७४८३६९.२२ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको व्यहोरा मस्यौदा प्रतिवेदनमा उल्लेख गरिएकोमा सुत्रबाट खाता संचालन गरेको र सुत्रमा धरौटी र अन्य खाताको मौज्दात जिम्मेवारी नपरेको कारण फरक परेको भनाई रहेको भएतापनि सबै खाताहरुको जिम्मेवारी यकिन गर्नुपर्ने रु.	१३७४८३६९.२२
३.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु. ७५९५८४५२.६०, पुजीगत खर्च खातामा रु. १०९००२०५.११ र विभाज्यकोषमा रु. २१५८४५/- समेत गरी रु. ८७०८४५०२.७१ मौज्दात रहेको पाईयो । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी	

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो। • कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन । • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता	

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन । • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ २७ र प्रशासनिकतर्फ २१ समेत ४८ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः १८ र १३ समेत २१ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली,२०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. १५०३७८२५/- खर्च लेखेको पाईयो । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ६ ऐन, १५ कार्यविधि ७ निर्देशिका र १ नर्म्स समेत २९ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	• **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**	
४.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षरउप प्रमुख श्री दयन्त देवी चुडालले २०७६।३।१० गते रु.७८ करोड ५५ लाख ८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने रु.६४ करोड ५९ हजार १३० को मात्र अख्तियारी प्रदान गरेको देखिन्छ । सभामा पेश भएको भन्दा घटीको मात्र	

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	**लेखापरीक्षणबाट देखिएका व्यहोरा**	**बेरुजु रकम**

अख्तियारी दिएकोले सभाले संशोधित बजेट पारित गरे नगरेको उल्लेख गरेको देखिएन । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

५. **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.३० लाख ७३ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको निर्णयबाट चालुतर्फ विभिन्न शीर्षकमा रु.१० लाख र पुजीगततर्फ भैपरी आउने शीर्षकमा रु.२० लाख ७३ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

६. नगरसभामा पेश भएको वार्षिक नीति तथा कार्यक्रममा २०७६।७७ को लागि रु.७८ करोड ५५ लाख ८ हजार १४४ प्राप्त हुने अनुमानित बजेट पेश गरेकोमा २०७६।३।२८ मा उक्त बजेटलाई सभाले रु.६४ करोड ५९ हजार १३० मात्रको विनियोजन ऐन पारित गरेकोमा २०७६।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई रु.६४ करोड ५१ हजार १३०/- को मात्र अख्तियारी दिएको देखियो । सभा समक्ष पेश भएको बजेट, विनियोजन ऐन अनुसार व्यवस्था गरिएको खर्च र अख्तियारीमा फरक गरेकोले यस सम्बन्धमा स्पष्ट गरी पेश गर्नुपर्ने ।

७. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक	
कूल खर्चः	२५७५३४२१५.३८	४५२७८४८	७१९६८०५५.३७	१८१०४२३१२.०१	
खर्च प्रतिशत		१.७५	२७.९४	७०.५७	

८. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	२०८४२०००	६७४८३६२	३२.३८
सामाजिक क्षेत्र	२३४१६४६००	१८०८५७४२१	८२.५१
पूर्वाधार विकास क्षेत्र	३६९३७२९५४	२२४०७९९३७.३९	६०.६५
वित्तीय व्यवस्थापन र सुशासन	१०७७०००	५७५९४०	८१.३३
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	१६४६९७१७५.४३	११७७६०२४२.२४	७१.५
जम्मा	**७९०१५३७२९.४३**	**५३००२१९०२.६३**	

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
८.१.	**खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.११५५१३१५/- राजस्व बाँडफाँड र अनुदानबाट रु.६२४७५४७०४.९५ समेत रु.७३६३०६०११/- आम्दानी भएकोमा चालु तर्फ रु.४४८२४४४०२.९८ र पूँजिगत तर्फ रु.२१८१८८३०४.३९ समेत रु ६६६४३२७०७.३७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.७२३३०००/- खर्च भएको छ जुन आन्तरिक आयको ६२.८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.२६ प्रतिशत चालु र ३२.४४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।	
	• **संगठन तथा कर्मचारी ब्यवस्थापन**	
९.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा अस्थायी ९ जना को रु. २६६७७३०/- र २६ जना कर्मचारीहरु करारमा राखी रु. ६४५८७९०/- गरी जम्मा ९१२६५२०/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न इन्जिनियर, अमिन, सहायक चौथो लगायत पदमा १० जना करार नियुक्ति गरी बर्षभरीमा रु. ३०००५३०/- भुक्तानी गरेको अनियमित देखएको रु......	३०००५३०/-
१०.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट २०७७।३।२४ मा कर्मचारी कल्याण कोषमा रु.२५०००००/- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.	२५०००००/-
११.	**दरबन्दी पदपूर्तीः** कर्मचारी दरवन्दी र पदपूर्ती विवरण र सरुवा/अवकास भएका कर्मचारीको विवरण लेखापरीक्षणको क्रममा माग गरेकोमा उपलब्ध नभएको कारण भिडान गरी परीक्षण गर्न सकिएन ।	
१२.	**तलवी प्रतिवेदनः** प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ को बुँदा नं. २०(२) मा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित नगराई तलव भत्ता खर्च लेख्न पाइने छैन । तलवी प्रतिवेदन पारित नभएको रकम खर्च लेख्ने पदाधिकारीबाट असुल उपर गरिने छ भन्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्ष २०७६।७७ को तलवी प्रतिवेदन पारित नगरि तलव भत्तामा रु.१५०३७८२५/- खर्च लेखेको पाइयो । संघीय शशर्त तर्फको कर्मचारीहरुको समेत तलवी	

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका* आर्थिक वर्ष-२०७६/७७

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	प्रतिवेदन पारित भएको पाइएन । तलवी प्रतिवेदन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च यकिन गर्ने अवस्था रहेन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ ।	
१३.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ र यो बर्ष थप भएको १९ गरी कुल २२ विवाद दर्ता भएकोमा १९ वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१४.	**स्वकीय सचिव र सल्लाहकार** - गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ (प्रथम संशोधन) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगर प्रमुखको प्रेस संयोजकको रुपमा श्री प्रदिप पराजुलीलाई नियुक्त गरी मासिक रु. २२०००/- का दरले रु.२९८०००/- भुक्तानी गरेको अनियमित देखिएको रु.	२९८०००/-
१५.	**कन्टिन्जेन्सी रमकबाट भत्ता वितरणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान अनुसूची-१ को ढाँचामा तयार गर्नुपर्ने व्यवस्था छ । अनुसूची-१ बमोजिम लागत अनुमानमा समावेश भएको कन्टिन्जेन्सी रकम मध्ये वर्क चार्ज स्टाफ र अन्य सानातिना खर्च छुट्याई कार्यविधि स्वीकृत गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पूँजीगत खर्चको कन्टिन्जेन्सी रकमबाट समेत २०७७।७८ को वार्षिक योजना कार्यक्रम तर्जुमा गर्न कार्यालय समय बाहिर २०७७।२।२५ देखि २०७७।३।१० सम्म काम गरेको उल्लेख गरी पदाधिकारीलाई तलव स्केलको दरबाट र कर्मचारीलाई हाजिरीको आधारमा दिन २१ को अतिरिक्त समय कामको भत्ता रु. ३२३०६३.३२ भुक्तानी गरेको छ । पूँजीगत खर्चबाट प्राप्त कन्टिन्जेन्सी रकम सम्बन्धित योजना तथा कार्यक्रममा खर्च गर्ने व्यवस्था भएतापनि अतिरिक्त समय भत्ता वापत भुक्तानी गरी खर्च गरेको अनियमित रु.	३२३०६३.३२
१६.	**लकडाउन अवधिको प्रोत्साहन र खाजा भत्ताः** नेपाल सरकारले कोरोना भाइरस संक्रमणको कारण सम्पूर्ण लकडाउन घोषणा गरेको अवधिमा खटिएका स्वास्थ्यकर्मी र अन्य कर्मचारीको सम्बन्धमा जोखिम भत्ताको व्यवस्था गरेको छ । नगरपालिका अन्तर्गतका वडाहरुमा कार्यरत कर्मचारीहरुले लकडाउन अवधिमा काम गरेको उल्लेख गरी रु. ३१२०००/- भत्ता तथा खाजा खर्च लेखेकोमा जोखिम भत्ताको आदेशमा वडा कर्मचारीको व्यवस्था नभएको र लकडाउनमा काम गर्न आदेश दिएको पत्र तथा काममा खटिएको प्रमाण समावेश नभएकोले सो खर्च भुक्तानी एकिन गर्न नसकिएको रु.	३१२०००/-
१७.	**व्यक्तिगत महशुल खर्चको भुक्तानीः** गाँउ तथा नगर सभा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ ले नगरपालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष कार्यपालिका सदस्य तथा वडा सदस्यको सुविधा सम्बन्धी व्यवस्था अनुसूची-१(ख) बमोजिम हुने गरी सुविधाको प्रकार र पाउने रकम मासिक रुपमा तोकिदिएको छ । यस नगरपालिकाका पदाधिकारीहरुलाई समेत सो ऐनको व्यवस्था अनुसार मासिक रुपमा टेलिफोन, मोवाइल (मासिक) दरबाट भुक्तानी गर्ने गरिएको छ । लेखापरीक्षणको क्रममा संचार महशुल शिर्षकको भुक्तानी साथ सम्लग्न	

<table>
<tr><td colspan="3">स्थानीय तहको नामः रतुवामाई नगरपालिका आर्थिक वर्ष-२०७६/७७</td></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>स्टेट्मेन्ट बमोजिम प्रमुख लगायत अन्य कर्मचारीहरुको मोवाइलमा ई-सेवा मार्फत रकम रिचार्ज गराई ट्रान्फर गरेको विवरण समेत संकलन गरी भुक्तानी गर्ने गरेकोले एकै कार्यमा पदाधिकारी तर्फ दोहोरो र कर्मचारीहरुको व्यक्तिमा मोवाइलमा समेत संचार महशुल शिर्षकबाट खर्च गर्ने गरेको पाइयो । नमूना छनौट गरी परीक्षण गरिएकोमा निम्नानुसार २०७६ कार्तिक, मंसिर पौष, माघ र बैशाख महिनामा रु. २८८२५/- ट्रान्सफर गरी खर्च गरिएकोले यस सम्बन्धमा पुन यकिन गरी बढी भुक्तानी रकम फिर्ता दाखिला हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२२/२०७६/७/३</td><td>रिचार्ज कार्ड खरिद</td><td>१०५००</td></tr>
<tr><td>१३७/२०७६/८/३०</td><td>रिचार्ज कार्ड खरिद</td><td>२५००</td></tr>
<tr><td>६४/२०७६/७/२२</td><td>मोवाइलमा रकम ट्रान्फर</td><td>५४२५</td></tr>
<tr><td>१९८/२०७६/१०/२</td><td>मोवाइलमा रकम ट्रान्फर</td><td>५२००</td></tr>
<tr><td>११४/२०७६/८/१९</td><td>ई-सेवाबाट मोवाइलमा ट्रान्फर</td><td>५२००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२८८२५</td></tr>
</table></td><td>२८८२५/-</td></tr>
<tr><td>१८.</td><td>खाना तथा विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२०१४५१७/- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>आर्थिक सहायता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले औषधि उपचार खर्च, पर्व, धार्मिक, सांस्कृतिक कार्यक्रम खर्च प्रयोजनको लागि यो वर्ष व्यक्ति एवं संघ संस्थालाई रु.३२०१५२४/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• अनुदान प्राप्ति, वितरण र फिर्ता</td><td></td></tr>
<tr><td>२०.</td><td>अनुदानको अनुगमन - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा र सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई अनुदान दिएको पाइयो । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• नगरपालिका चालुतर्फः</td><td></td></tr>
<tr><td>२१.</td><td>सम्झौता वेगरको भुक्तानीः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, सम्बन्धी कार्य संचालन विधि सहितको टि.ओ.आर. तयार गरी दश लाख रुपैंया सम्मको काम गराउनको लागि कम्तिमा १५ दिन अवधि दिई राष्ट्रिय वा स्थानीय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सभाबाट पारित मागमा आधारित कार्यक्रमको रु. ४२५०००/- लाई कार्यपालिकाले २०७७।२।४ मा संशोधन गरेको देखाई कृत्रिम गर्भधान प्रोत्साहन रकम शिषर्कमा सारेर सामुदायिक पशु प्रजनन केन्द्र रतुवामाई-८ लाई</td><td></td></tr>
</table>

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	संस्थासँग काम गराउने अवधि, विधि र सेवा गर्ने क्षेत्र खुलेको सम्झौता नगरी प्रदेश भेटेनरी अस्पतालले २०६८।६९ मा तोकिएको भ्याक्सिनेटरको दरबाट रकम भुक्तानी गरेको व्यहोरा मस्यौदा प्रतिवेदनमा उल्लेख गरिएकोमा छलफलमा संस्थासँगको सम्झौता पेश गरेको भएतापनि सम्झौता गरेको अवधि नरहेको र नगरसभाबाट संसोधन स्वीकृतको वेगर तथा प्रस्ताव आह्वान र छनौट नगरी रकम भुक्तानी गरेकोले नियमित देखिएन रु.	२०००००/-
२२.	**संसोधित कार्यक्रम र खर्चः-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ । कार्यालयले यो वर्ष नगरसभाबाट पारित नभएको धानको विउ खरिद तथा वितरण कार्यमा रु.१११४९००/- खर्च गरेको छ । कार्यक्रम संचालन गर्दा ५० प्रतिशत अनुदानमा धानको विउ वितरण गरी खर्च गरेकोमा कृषकहरुले उक्त रकम जम्मा गरेको भौचर पेश भएन । कार्यालयले विभिन्न ५ कृषि सामाग्री केन्द्र तथा सहकारी संस्थाबाट खरिद गरेको धान ढुवानी गरी ल्याउन छुट्टै रु.४००००/- ढुवानी भाडा समेत व्यहोरेको पाइयो । धानको विउ विक्रि गर्ने संस्थाहरुसँग सम्झौता नभई सोझै धानको विउ खरिद गरेकोमा छुट्टै ढुवानी व्यहोरेकोले बढी लागत परेको देखियो । खरिद गरिएको उक्त धानको विउ वितरण गर्दा निम्नानुसारका नाफा मुलक सहकारी संस्थालाई समेत दिएको छ । सहकारी संस्थाहरुलाई ५० प्रतिशत अनुदानमा विउ उपलब्ध गराउनुपरेको कारण पेश भएन । **संस्थाको नाम** कचला कृषि सहकारी संस्था नवीकरण कृषि सहकारी संस्था सानाकिसान कृषि सहकारी संस्था कट्नु कृषि सहकारी संस्था दि वंगुर फार्म सभाबाट पारित नभएको कार्यमा गरेको उक्त खर्च सभाबाट स्वीकृत र समर्थन गर्नुपर्ने रु.	१११४९००/-
२३.	**निजी सवारी साधन मर्मत खर्चः** स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम कार्यपालिकाले नगर सभाबाट पारित योजना र कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । वडा नं. १० को संचालन खर्चमा भे १ च ५९७५ को गाडी मर्मत खर्च वापत रु.१००९९/- भुक्तानी गरेको पाइयो । वडामा निजी सवारी साधन प्रयोग गरी १०० लि. डिजल को रु.१००००/- समेत भुक्तानी गरेकोले असुल गर्नुपर्ने व्यहोरा मस्यौदा प्रतिवेदन पठाएकोमा छलफलमा वडा कार्यालयको काममा वडाध्यक्षको गाडी प्रयोग गर्ने गरी खर्च गरिएको भन्ने जवाफ पेश भएतापनि खर्च गर्नु अगावै खर्चको आदेश भएको नपाइएको भुक्तानी रु.	२००९९/-
२४.	सार्वजनिक खरिद ऐन २०६४ को नियम ११ बमोजिम मालसामान खरिद गर्दा मालसामानको स्पेसिफिकेशनको आधारमा लागत अनुमान स्वीकृत गरी खरिद गर्नुपर्ने व्यवस्था छ । वडा नं. ७ को कार्यालय संचालन खर्चको भुक्तानी गर्दा उक्त वडाले खरिद गरेको ल्यापटप, सोफासेट, अफिस टेवल लगायतका सामाग्रीहरु खरिदको विल राखी रु.१८७०२८/- भुक्तानी गरेको छ। नियमावलीको व्यवस्था बमोजिम सामानको स्पेसिफिकेशन र लागत अनुमान स्वीकृत गरेको नपाइएको अनियमित खर्च रु.	१८७०२८/-
२५.	**नगरसभामा पारित नभएको योजनामा खर्चः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२ मा नगरसभाबाट स्वीकृत योजना कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लेटी मा.वि. छेउ धाद्रा खोलामा पुल निर्माण कार्यमा रहेको बजेटलाई नगर प्रमुखको २०७७।२।१८ को निर्णयबाट योजना परिवर्तन गरेर १४८ थान ह्युम पाइप खरिद र ढुवानी	

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	वापत रु.१९३३२९४.४० खर्च लेखिएको छ ।उक्त पाइपहरु दाम्राभिट्टा बजार ढल निर्माण कार्यमा प्रयोग गरेको पाइयो । एक योजनाको रकम सभाबाट पारित नभएको योजनामा खर्च गराई भुक्तानी गरेको नियमित देखिएन रु.	१९३३२९४/-
२६.	**सडक वोर्ड नेपाल तर्फः** कार्यालयले शान्तिपुर-उलुघुटु खुकुटोल सडक मर्मत सम्बन्धी कार्य गर्न शिव निर्माण सेवासँग रु.२४२३५६८/- मा ठेक्का बन्दोबस्त गरी कार्य गराएकोमा कामको नापी अनुसार रु.२४२३५६८/- को कार्य भएतापनि रु.२४११४५४.७० को विल स्वीकृत गरेकोमा फाइनल सम्मको कामको नापीमा रु.२५७९२००.६२ देखाएको छ । निर्माण व्यवसायीले रकम भुक्तानी माग गर्दा पेश गरेको कर विजकमा रोलर र ग्राभेल विक्रि समेतको आइटम राखी कर विजक जारी गरेकोले यस वर्ष भुक्तानी भएको मू.अ.कर रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	३२६२००.११
	• **कोभिड-१९तर्फः**	
२७.	कोभिड-१९ संक्रमण रोकथाम नियन्त्रण कार्यको लागि नगरपालिकाले पेश गरेको विवरण अनुसार जनप्रतिनिधिहरुले १ महिना वरावरको तलव वापत रु.६६३०००/- तथा अन्य सामाजिक व्यक्तित्व उल्लेख गरी रु.११२९२१४/- आम्दानी देखाएको छ । सामाजिक व्यक्तित्व उल्लेख गरेको तर नामनामेसी र रकम बुझाएको बैंक भौचर वा नगदी रसिद समावेश नभएको उक्त आय यकिन गर्न सकिएन । कार्यालयले २०७७।३।३१ मा स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमको रु.७४९२७३५/- समेतलाई कोषमा ट्रान्सफर गरेको छ । बैंक खातामा यो कोष तर्फ रु.७५२५७०७.८८ वर्षान्तमा मौज्दात देखिएको छ । आय रकममा पारदर्शिता गर्नुपर्दछ ।	
२७.१.	कोरोना रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यविधि निर्देशिकामा कोरोना संक्रमण नियन्त्रण कार्यको लागि प्राप्त रकम अन्य काममा खर्च गर्न नहुने व्यवस्था रहेकोमा कार्यालयले विपद व्यवस्थापन समितिको निर्णयाअनुसार २०७७।२।१५ देखि आषाढ मसान्तसम्म २४ जना व्यक्तिलाई मासिक रु.२००००/- र ड्रेस रु.२०००/- समेत दिने गरी कोभिड प्रहरीमा नियुक्ति गरी रु.७३६६६६/- खर्च गरेको पाइयो । नेपाल सरकारले सम्पूर्ण लकडाउन गरेको अवधिमा भर्ना छनौटको कार्य समेत गराई कोरोना संक्रमण नियन्त्रण निर्देशिकामा नभएको कोरोना प्रहरी कार्यमा खर्च गरेकोले अनियमित रु.	७३६६६६/-
२७.२.	**सामाग्री खरिद तथा वितरण र मौज्दातः** कार्यालयले खरिद गर्ने सबै सामाग्रीहरु जिन्सी मौज्दातमा आम्दानी गरी माग फारमको आधारमा जिन्सीबाट खर्च जनाई अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । कोरोना संक्रमण नियन्त्रण तथा रोकथाम कार्यको लागि खरिद गरिएका स्वास्थ्य सामाग्रीहरु माक्स, सेनिटाइजर, पिपई, पंजा लगायतका सामाग्री सबै खर्च देखाएको छ । साथै क्वारेन्टिन निर्माणको लागि खरिद गरिएका भाडाकुडा कपडा लगायतका सामान खरिद गरेको रु.१४०८३६०/- मालसामानहरु सबै खर्च देखाइएको छ । सामाग्री खरिद तथा वितरणको अभिलेख पेश नभएको र सबै सामाग्री खर्च देखाएकोमा वडाध्यक्षहरुलाई सुरक्षा सामाग्रीहरु एक मुष्ठ बुझाई पठाउने गरेकोले खरिद, खपत तथा वितरणको अवस्था यकिन गर्न सकिएन रु.	१४०८३६०/-
२८.	**राहत सामाग्री खरिद वितरण र प्राप्ती अवस्थाः** कोरोना संक्रमणको कारण लकडाउनको अवधिमा नगरपालिका भित्रका वासिन्दालाई राहत (खाद्यान्न) उपलब्ध गराउने कार्यको लागि रु.५१३०९९८/- खर्च गरी १० वटा वडामा ५४७० परिवारलाई २५ के.जी. चामल १ केजी नुन, १ लि. तेल र १ थान सावुनको प्याकेट तयार गरी वितरण गरेको विवरण पेश भएकोमा वितरण गरेको अवधि र स्थान खुलेको पाइएन । खाद्यान्न र मालसमान खरिद गर्दा विशेष	

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>परिस्थिती उल्लेख गरी सोझै विक्रेताको दरबाट खरिद गरेको छ । क्वारेन्टिन निर्माण तथा होल्डिङ सेन्टर निर्माण व्यवस्थापनमा रु.१३२१५०१/- खर्च गरेको विवरणबाट देखाएको छ ।</td><td></td></tr>
<tr><td>२८.१.</td><td>कोरोना प्रहरी नियुक्ति गर्न छनौट समितिका व्यक्तिहरुलाई भत्ता वापत रु.४६०१०/- खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>२८.२.</td><td>अन्य निकायबाट प्राप्त सामाग्रीः नगरपालिकालाई अन्य निकाय तथा नेपाल सरकारबाट कोभिड-१९ नियन्त्रणको लागि प्राप्त भएका सुरक्षा सामाग्री र मालसामानहरुको अद्यावधिक विवरण तयार गरी वितरण गरेको अभिलेख नरहेकोले सबै मालसामान प्राप्त भई रोकथाम कार्यमा खर्च भए नभएको यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२८.३.</td><td>क्वारेन्टीनमा रहने विरामीको खाना सोही जिल्लाको प्रहरीको राशन दरबाट गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले विरामीलाई विनोद क्याटरिङ को विलबाट प्रति दिन प्रतिछाक २४० का दरले खाजा खाना एकमुष्ट रु.१८०४७६९/- भुक्तानी गरेको छ । यस सम्बन्धमा निर्देशिका बमोजिमको दर र बढी दरमा भुक्तानी भएको रकम यकिन गरी प्रमाण पेश हुनुपर्ने ।</td><td></td></tr>
<tr><td>२९.</td><td>प्रदेश सरकार शशर्त अनुदान तर्फः प्रदेश सरकार शशर्त विनियोजनबाट प्राप्त रकम खर्च गर्दा तोकिएको कार्यक्रम र आधारबाट प्रचलित कानून अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामान खरिद गर्दा स्वीकृत स्पेसिफिकेशनको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई आर्थिक मामिला तथा योजना मन्त्रालयबाट यो वर्ष निम्नानुसार थप शशर्त अनुदान प्राप्त भएको पाइयो ।
<table>
<tr><th>योजनाको नाम</th><th>रकम</th></tr>
<tr><td>स्वरस्वती मा.वि. प्ले स्टेशन सामाग्री खरिद तथा चिल्डेन पार्क निर्माण</td><td>१५०००००</td></tr>
<tr><td>मदनभण्डारी कृषि थोक विक्रि केन्द्र सामुदियक भवन निर्माण</td><td>२००००००</td></tr>
</table>
उपरोक्तानुसारको रकमबाट कार्य गराउन सरस्वती मा.वि. इटहरासँग चिल्डेन पार्क निर्माण कार्यमा रु.५५९१०२.८७ ल.ई. तयार गरी सम्झौता भएको छ । खेल सामाग्री वापत रु.१००००००/- समेत भुक्तानी गरेकोमा चिल्डेन पार्क निर्माण कार्यको लागत अनुमान स्वीकृत गरी विद्यालयसँग कामको सम्झौता गरी अन्तिम विल समेत तयार गरी भुक्तानी गरेको छ । खेल सामाग्री वापतको रकमको लागत अनुमान स्वीकृत नभएको र नगरपालिकाले विद्यालयलाई खेल सामाग्री तर्फको रकम पुरै निकासा गरेकोमा उक्त रकमबाट विद्यालयले सार्वजनिक खरिद ऐन २०६४ बमोजिम स्पेसिफिकेशन र लागत अनुमान तयार स्वीकृत गरी प्रतिस्पर्धाबाट खरिद गरी खर्च गरेको खरिद सम्बन्धी निर्णय फाइल पेश नभएको र योजनाको कार्य सम्पन्न समेत तयार नगरेकोले निकासा दिएको पुरै रकम खर्च भए नभएको यकिन गर्न नसकिएकोले शशर्त तर्फबाट प्राप्त रकम सामाग्री खरिदका विल भरपाईको आधारमा खर्च भुक्तानी गरेको पाइयो । विद्यालयलाई उपलब्ध गराएको रकम रु. १० लाख तोकिए बमोजिमको कार्यमा खर्च भए नभएको यकिन गर्नुपर्दछ । साथै खरिद सम्बन्धी कार्य नियमावलीमा भएको व्यवस्था बमोजिम संचालन गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>१००००००/-</td></tr>
<tr><td>३०.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा सम्झौता गर्दाको वखत पूर्वानुमान नगरिएको अवस्था कार्यान्वयनको क्रममा सृजना भएका ऐनको दफा ५४ मा तोकिएका अधिकारीले भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । मदन भण्डारी कृषि थोक विक्रि केन्द्र सामुदायिक भवनको कार्य गर्न रु. २२०५०३६३.६२ को लागत अनुमान स्वीकृत गरेको मध्ये न.पा.ले व्यहोर्ने रु. २००००००/- रहेको छ । उक्त कार्य गर्न मदनग्राम तरकारी तथा फलफुल सहकारी संस्था लि.सँग २०७७।२।२ मा सम्झौता भई २०७७।३।१५ सम्म</td><td></td></tr>
</table>

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	कार्यविधि रहेकोमा सो कार्य गर्दा उक्त सहकारी संस्थाले लागत अनुमानमा रहेका ३२ आइटम मध्ये १८ आइटममा कुनै परिमाणको काम नगरेकोमा भेरिएसन स्वीकृती वेगर रु. १३२०००५.६२ को कार्य सम्पन्न तयार गरी समितिलाई रु. ११९७०८६/- भुक्तानी गरेको पाइयो । भेरिएसन वेगर कामको फाइनल विल तयार गरी भुक्तानी गरेकोले भेरिएसन स्वीकृतीको प्रमाण पेश हुनुपर्ने रु.	११९७०८६/-
	• **शशर्त तर्फः**	
३१.	**तोकिएको सेवा र भुक्तानीः** कार्यालयलाई वाश सुविधा सहितको शौचालय निर्माण गर्न प्राप्त रकमबाट २ विद्यालयहरुमा पठाएको मध्ये महाराजस्थान आ वि ले २०७७।१।३१ को पत्रबाट उक्त कार्य नगर्ने जानकारी पठाएको आधारमा उक्त कार्य वाल विकास आ वि मा लगाउने गरी २०७७।२।१ मा नगरप्रमुखले निर्णय गरेको पाइयो । उक्त विद्यालयसँग न.पा.बाट रु.७०००००/- र बाँकी उपभोक्ता समितिले गर्ने गरी रु.८८५१८२/- को सम्झौता भएको छ । सम्झौता अनुसार २०७७।३।२५ सम्म कार्य सम्पन्न गर्नुपर्नेमा विद्यालयले रु.४३९६१७.१४ को मात्र कार्य गराइ अन्तिम विल स्वीकृत गरेको आधारमा रु.३७०९२३/- भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको विजकमा स्वीकृत डिजायन अनुसार (वाश) का स्यानिटरीको आइटम समेत खरिद गरेको देखिएन । उद्देश्य अनुरुप वाश सहितको सेवा नपाउने गरी कार्य गराई भुक्तानी दिएकोले स्वीकृत डिजायन अनुसार नभएको काममा खर्च गरेको छ । स्वीकृत डिजायन अनुसार कार्य नगरी खर्च गरेको नियमित देखिएन रु.	३७०९२३/-
३२.	सन्तोष शाहले लिएको हात्तीपाइले औषधि सेवन सम्बन्धी कार्यक्रम २०७६।१०।२५ देखि २०७६।११।१ सम्म संचालन भएकोमा स्वास्थ्य कर्मी र प्र.प्र.अ. लाई नर्म्स अनुसार उल्लेख गरी रु. २५०००/- भुक्तानी गरेकोमा २०७६।१०।२, ३, ४ मा कुनै स्थान अनुगमन गरिएको प्रतिवेदन समावेश नभएकोले प्रमाण पेश हुनुपर्ने रु.	२५०००/-
३३.	**शत प्रतिशत अनुदानमा खर्चः** शशर्त अनुदानबाट प्राप्त रकम स्वीकृत निर्देशिकाको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । कृषि तथा पशुपालन निर्देशिका २०७६ मा शत प्रतिशत अनुदानमा घाँसको विउ उपलब्ध गराउने व्यवस्था रहेको पाइएन । तर कार्यालयले खेमु कृषि फर्मबाट नेपीयर घाँस ४०००० प्रति सेट रु. ५/- का दरले रु. २०००००/- मा खरिद गरि उक्त घाँस शत प्रतिशत अनुदानमा वितरण गरेको छ । शशर्त तर्फको कार्यक्रम शत प्रतिशत अनुदानमा वितरण गर्न मिल्ने नदेखिएको बढी भुक्तानी रु.	१०००००/-
३४.	**तोक आदेशबाट भएको कामः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र नगर प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहीर गई बजेट खर्च गर्न नहुने व्यवस्था छ । लेखापरीक्षणमा प्राप्त विवरण अनुसारको योजनाहरु तोक आदेशबाट संचालन गरी खर्च गरेको देखिएको छ । योजनाको नाम / रकम / तोक आदेश गर्ने: कक्षा कोठा मर्मत स्तरउन्नती मा.वि. कल्याणपुर / १४३००० / नगर प्रमुख सन्तमन्ता सत्संग मन्दिर मुजुरामारी / ४१०००० / नगर प्रमुख सिलाई कटाई तालिम महिला सिप विकास केन्द्र / ५००००० / नगर प्रमुख ऐनले तोकिएको प्रकृयाको आधारबाट मात्र योजना संचालन र खर्च हुनुपर्दछ ।	
३५.	**गुणस्तर परीक्षण अवस्थाः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण सम्बन्धी कार्य स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन बमोजिम गराउनु पर्ने व्यववस्था छ । स्टाण्डर्ड स्पेसिफिकेशन अनुसार कार्य पुरा गरे नगरेको सम्बन्धमा कामको सुपरिभिजन गर्न तोकिएको प्राविधिकबाट	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	विल तयार गर्दा खपत गरिएको सामाग्री गुणस्तर परीक्षण समेत गराएर मात्र रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगर कार्यपालिकाले २०७६।१२।११ देखि सम्पूर्ण लकडाउनको कारण भौतिक निर्माण तर्फ गुणस्तर परीक्षण गराउनुपर्ने उपभोक्ता समितिबाट संचालन भएका योजनाहरुको गुणस्तर परीक्षण गराउन नसकिने अवस्था देखिएकोले गुणस्तर परीक्षणको लागि सम्झौतामा रहेको रकम कट्टी गरी भुक्तानी दिने, ठेक्कापट्टाको कामको गुणस्तर परीक्षण गर्न नसकिने भएकाले थप ५ प्रतिशत धरौटी कट्टा गर्ने र बन्दाबन्दी (लकडाउन) खुलाभएपछि गुणस्तर परीक्षणको प्रमाण पेश भएपछि थप कट्टी गरेको धरौटी फिर्ता दिने निर्णय गरेको भएतापनि थप धरौटी कट्टी गरेको र लकडाउन पछि टेष्ट गराएको प्रमाण पेश नभएकोले गुणस्तर परीक्षण वेगर निर्माण कार्य गराई भुक्तानी गरेको छ । कामको गुणस्तर परीक्षण बेगर गराइएको कार्यको जिम्मेवारी उपभोक्ता समिति वा निर्माण व्यवसायीको हुने नहुने समेत प्रष्ट देखिएन ।	
३६.	**सम्झौता शर्त र खर्च अवस्थाः** सार्वजनिक खरिद ऐन २०६३ को नियम ५९(३)(ख) मा खरिद सम्झौता अनुसारको कार्य आपूर्तीकृताले नगरेको कारण सम्बन्धित निकायले सो काम गर्न लाग्ने खर्च वापतको रकम सप्लायर्सले व्यहोर्नुपर्ने व्यवस्था छ । कार्यालयले अति आवश्यक निशुल्क औषधिहरु खरिद गर्न वोलपत्र आह्वान गरी छनौट भएको सप्लायर्स माउन्टेन अन्नपूर्ण फार्मेसी पोखरासँग २०७६।११।११ मा रु. १३०६५४१/- को सम्झौता गरी २०७६।१२।४ मा ४७ प्रकारका औषधि १५ दिन भित्र सप्लाई गर्न कार्यदेश दिएको छ । सप्लायर्सले तोकिएको अवधि भित्र औषधि सप्लाई नगरेको र २०७७।१।१९ मा औषधिको विल पठाएकोमा २०७७।३।२० सम्म पटक पटक गरी रु. ११९७६६९/- को मात्र औषधि पठाएकोमा औषधिको डेलिभरी चलान रहेको देखिएन । सम्झौता शर्त अनुसार औषधिको व्याच नं. र एक्सपायरी मिति समेत उल्लेख नभएको तथा औषधि प्राप्त भएपछि नियम ११५ बमोजिम PDI समेत तोकिएको समितिबाट गरेको पाइएन । उक्त अवधि पछि सप्लायर्सले सम्झौताको सि.नं. ५१ मा रहेको औषधि सप्लाई नगरेको भएतापनि कार्यालयले लागत अनुमान अनुसार सो औषधिको मूल्य रु. ५७९३६०/- लाई विल रकमबाट कट्टा गरी धरौटीमा राख्ने र औषधि प्राप्त भएपछि भुक्तानी गर्ने गरी विलको पुरै रकम रु. १३०६५४१/- खर्च जनाई बाँकी रकम भुक्तानी गरेको पाइयो । कार्यालयले धरौटीमा राखेको सो रकम २०७७।६।१० मा वेरुजु खातामा दाखिला गरेको देखियो । सम्झौताको शर्त अनुसारको कार्य पुरा नगरेको सप्लायर्सलाई ऐनको दफा ६३ अनुसार कारवाही नगरी पुरै रकम बजेट खर्च जनाई पछिल्लो वर्ष वेरुजु खातामा रकम जम्मा गरेको रु.	५७९३६०/-
३७.	**डिपिआर आई ई ई वेगरको योजनामा खर्चः** सार्वजनिक खरिद निमयावली २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले बजेटको सुनिश्चितता र वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई वोलपत्र आह्वान गर्नु हुदैन भन्ने व्यवस्था छ । कार्यालयले यो वर्ष खेलग्राम निर्माण गर्ने योजना (महाराजस्थान वडा नं. ४) मा युवा तथा खेलकुद मन्त्रालयबाट प्राप्त रु.४००००००/- तथा न.पा. को रु.१७१५१६२/- समेत रु.५७१५११५/- बाट खेलग्राममा पर्खाल लगाउन कामको ल.ई. स्वीकृत गरी ठेक्काबाट गर्न वोलपत्र आह्वानभै कुलदेवता कन्ट्रक्सनसँग २०७७।३।२५ सम्म कार्य पुरा गर्ने गरी रु.४४४५५०.५५/- को सम्झौता २०७७।२।२५ मा भएको छ । उक्त कार्यमा २०७७।३।२५ मा रु.४४२३५०८/- को अन्तिम विल भुक्तानी गरेको पाइयो । सोही खेलग्राम स्थलमा प्रदेश	

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	सरकारको विशेष अनुदानबाट यसै वर्ष माटो पुर्ने काममा रु.१७२५०७२/- को ल.ई. स्वीकृत गरी उपभोक्ता समितिबाट कार्य भएको रु.१४३४०२३/- को विल मध्ये रु.११५१९२४/- भुक्तानी गरेको छ । खेलग्रामको डिपिआर स्वीकृत नगरी संरचना निर्माण र माटो पुर्ने कार्यमा खर्च गरेकोले कामको आधार स्पष्ट देखिएन । वातावरणीय प्रभाव अध्ययन गरी विस्तृत ड्रइङ डिजायन स्वीकृत गरेरमात्र कार्य गराउनुपर्दछ ।	
३८.	**उपभोक्ता सम्झौता दरः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयारी सम्बन्धी व्यवस्था छ । कार्यालयले माटो पुर्ने कार्यको ल.ई. गर्दा मेशिनबाट कार्य गराउने गरी ४.५ कि.मी. लिड समेत समावेश गरेको प्रति घ.मी. दर रु. ४५४.९२ कायम गरेको छ । नगर दररेटमा माटो प्रति घ.मी. १०५ (ढुवानी र शुल्क बाहेक) रहेकोमा माटो ल्याउने स्थल (सम्झौताबाट तोकिएको क्षेत्र) नै यकिन नगरी लागत अनुमान स्वीकृत गरी सोही दरमा सम्झौता गरी रकम भुक्तानी गरेको छ । इष्टिमेटमा ३७८१ घ.मी. माटोको काम रहेकोमा ३१४१ घ.मी. मात्र काम गराई कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । उक्त खेलग्रामको स्थलगत भ्रमण गरिएकोमा माटो सम्याउने कार्य अधुरो रहेको र उपभोक्ता समितिले कम्पाउण्डको पूर्वतर्फको भागमा माटो पुरेको देखिएको छ । माटो पुर्ने कामको दररेट तयार गर्दा देखाइएको दुरी र माटो ल्याएको स्थान सम्बन्धमा यकिन नभएको तथा एकै योजनामा डिपिआर वेगर लगानी थप गरेको र ढुवानी वापत व्यहोरिएको थप दरको आधार पेश नभएकोले लागत यकिन नभएको रु.	१०९९०९/-
	• **शिक्षा शशर्ततर्फः**	
३९.	कार्यालयलाई प्राप्त शिक्षा तर्फको शशर्त अनुदान तोकिएबमोजिमको काममा खर्च गरी बाँकी रकम फिर्ता गर्नुपर्नेमा २०७७।३।२३ को निर्णयानुसार २०७७।७८ मा कार्य सम्पन्न गर्ने गरी सरस्वती मा.वि. कल्याणपुरलाई रु. १५०००००/- रेक्टो फिटिङ कार्य गर्न निकासा दिएकोमा तोकिए बमोजिम कार्यमा सो रकम खर्च भए नभएको सम्बन्धमा कार्यालयबाट अनुगमन गरेको नपाइनुको साथै कामको कार्य सम्पन्न प्रतिवेदन समेत लिएको देखिएन । खर्च नभएको रकम फिर्ता गर्नुपर्दछ रु.	१५०००००/-
४०.	कार्यालय श्रोत कक्षाको विद्यार्थीलाई छात्रवृति रकम निकासा गर्दा सम्बन्धित विद्यार्थीलाई बुझाएको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारले घोषणा गरेको सम्पूर्ण लकडाउन अवधिमा कार्यालयले विद्यार्थीको नाममा पठाएकोमा छात्रवृत्ती रकम विद्यार्थीले बुझिलिएको भरपाई पेश हुनुपर्ने रु. (कार्यालयले श्रोत कक्षा तर्फको अन्य शिर्षकको रकम निकासा गर्दा (भौ.नं. १४/२०७७/३/१९) लकडाउनको कारण विद्यार्थीहरु छात्रावासमा नरहेकोले छात्रवृति निकासा नगर्ने अरु रकम निकासा गर्ने निर्णय गरेकोमा सो अनुसार नभएको)	१२८०००/-
४१.	अपाङ्गता छात्रवृत्ती वापत परिचयपत्र पेश गरेको आधारमा ७ विद्यालयका १७ जना विद्यार्थीको नाममा विद्यालय खातामा रकम निकासा गरेकोमा सो अवधिमा विद्यालय लकडाउन भै बन्द रहेकोले उक्त रकम सम्बन्धित विद्यार्थीलाई बुझाएको प्रमाण पेश हुनुपर्ने रु.	६३०००/-
४२.	दलित छात्रवृत्ति वापत विद्यालयमा निकासा दिएको र सो अवधिमा विद्यालय लकडाउनको कारण बन्द रहेकोले उक्त रकम विद्यार्थीलाई बुझाएको भरपाई प्रमाण पेश हुनुपर्ने रु.	७९६००/-

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
४३.	**रकमान्तर वेगर भुक्तानीः** संघीय शशर्तबाट प्राप्त रकम तोकिएको खर्च शिर्षकबाट मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य तर्फका कर्मचारीको तलवभत्तामा रकम नपुग भएकोले स्वास्थ्य शशर्त तर्फका अन्य क्रियाकलाप/कार्यक्रमको रकमबाट रकमान्तर स्वीकृती वेगर तलवमा भुक्तानी गरेकोले अनियमित खर्च रु.	४७३२८३.८९
४४.	विद्यालय खातामा पठाइएको आवाशिय र गैर आवशिय छात्रवृति रकम विद्यार्थीहरुले प्राप्त गरेको प्रमाण र अनुगमन प्रतिवेदन समेत लिनुपर्ने व्यवस्था छ । लकडाउनको कारण विद्यालय बन्द रहेको अवधिमा छात्रवृत्ती वापत पठाएको रकम रु. १४२७६००/- सम्बन्धित विद्यालयहरुले विद्यार्थीलाई वितरण गरेको र विद्यार्थीहरुले (१-८ तह विद्यार्थी, छात्राछात्रवृत्ती, दलित छात्रवृत्ती) प्राप्त गरेको वितरण विवरण र अनुगमन प्रतिवेदन लिएको पाइएन । लेखापरीक्षण अवधि (२०७८।बैशाख) सम्म वितरण गरेको प्रमाण पेश भएन। उक्त प्रमाण पेश हुनुपर्ने अन्यथा फिर्ता लिनुपर्ने रु.	१४२७६००/-
४५.	**श्रोत सुनिश्चितता वेगर उपभोक्ता सीमा भन्दा बढीको निर्माण कार्य** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ मा सार्वजनिक निकायले बजेट व्यवस्था र श्रोत सुनिश्चतता नभई खरिद कारवाही शुरु गर्नु हुदैन भन्ने व्यवस्था छ । नियम १९७ मा रु.१ करोडसम्मको लागत अनुमानको काम उपभोक्ताबाट गराउन सकिने व्यवस्था छ । कार्यालयले यो वर्ष राजवंशी एकता समाज सामुदायिक भवनको निर्माण कार्य गराउन परामर्श सेवाबाट विस्तृत परियोजना प्रतिवेदन तयारी कार्य गराई रु.७५१४५०/- भुक्तानी गरेको छ । परामर्शदाताले उक्त भवनको लागत रु.२२८५३२२०/- हुने उल्लेख गरेको छ । सोही भवनमा यसै वर्ष उपभोक्ता समितिबाट कार्य गराउन रु.२० लाखको बजेटबाट कार्य गराई रु.१९६४२७६/- भुक्तानी गरेको छ । श्रोत सुनिश्चितता नभई सीमा भन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराई खर्च गरेको तथा सीमा भन्दा बढीको काम उपभोक्ता समितिबाट गरेकोले नियमित देखिएन । नियममा भएका व्यवस्था पालना गरेरमात्र कार्य गराउनुपर्दछ ।	
४६.	**समपुरक अनुदान तर्फः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा सम्झौता गर्दाको वखत पूर्वानुमान नगरिएको परिस्थिति सम्झौता कार्यान्वयनमा सृजना भएमा ऐनको दफा ५४ मा तोकिएका अधकारीले स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारीगर्न सक्ने व्यवस्था छ। कार्यालयले गोविन्दपुर-त्रिभुवन चौक सडक साविक ४ मी. बाट ११ मी. चौडाई कायम गरी ११५० मी. क्षेत्रमा काम गर्न रु.९३५८०३७/- को ल.ई. स्वीकृत गरी प्रतिस्पर्धाबाट छनौट भएका वीर निर्माण सेवासँग रु.६५२९७६२./- मा सम्झौता भएको छ । सडकमा बाँसको टाँटी लगाई माटो भर्ने काम थप गर्नुपर्ने देखाई खरिद सम्झौतामा २०७७।२।२५ मा रु.६५८३६७६/- पुऱ्याएको छ । निर्माण व्यवसायीबाट रु.५९३२०९७/-(९.८९ प्रतिशत घटी) को मात्र कार्य गरेको आधारमा अन्तिम प्रतिवेदन तयार भएकोमा भेरिएसन आदेश स्वीकृत गरेको पाइएन रु. तर सोही सडक खण्डमा उपभोक्तासँग २०७६।१०।१९ मा ०+१२०-१+८७५ मा ह्यूमपाइप २८८ मी. समेत को कार्य गराउन समझौता गरी (२९०५ मी. सवग्रेड तयारी समेत) रु.२८७५५३१/- भुक्तानी गरेको छ । उपभोक्ताले गरेको कामको क्षेत्रमा नापीबाट सडक चौडाई ९ मी. मात्रको काम गरेको पाइयो । सडक कालोपत्रे सम्मको लागि समपुरक रकमबाट योजना संचालन गर्ने प्राप्त रकमबाट यो वर्ष कालोपत्रको काम नगरी ठेकेदार तर्फ १+९५५-३+०९५ र उपभोक्ता तर्फ ०.०२०-२+२४० सम्मको सववेस सम्मको कामको भुक्तानी गरेकोमा त्रिभुवन चौकतर्फ २८० मी. क्षेत्रमा सडक चौडाई गर्ने कार्य नगरी छाडिएको	६५१५७९/-

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	फिल्ड भ्रमणमा देखिएको छ । स्वीकृत डियाजन अनुसारको कार्य नगरी केही भाग अधुरै छाडिएको र कालोपेत्रको कार्य भएको समेत पाइएन ।	
४७.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय मोरङबाट गराई २०७७।१०।५ मा प्रतिवेदन भएको पाइयो । आन्तरिक लेखापरीक्षणबाट कायम भएको कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराउनुपर्नेमा लेखापरीक्षण अवधिसम्म सम्परीक्षण र नियमित भई नआएकोले प्रतिवेदनमा समावेश गरिएको छ ।	
४७.१.	**लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफाँ ३२ मा आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको लागि प्रत्येक निकायमा आन्तरिक नियनत्रण समिति रहने व्यवस्था छ। कार्यालयमा आन्तरिक नियन्त्रण समिति गठन भई लेखा उत्तरदायी अधिकृतबाट बेरुजु सम्परीक्षण तथा फर्सयौट, लगत कायम गर्ने तथा असुल र नियमित गर्ने गराउने कार्य भए गरेको देखिएन ।	
४७.२.	**आन्तरिक आम्दानीः** राजस्व प्राप्त गर्ने प्रत्येक कार्यालयले महालेखारीक्षणको कार्यालयबाट स्वीकृत राजस्वसँग सम्बन्धित फारम नं. १०१ देखि ११५ सम्मका फारमहरु अध्यावधिक गरी राजस्वको लेखा राखु पर्नेमा राखेको पाइएन । वडाहरुमा छुट्टा छुट्टै नगदी रसिद काटी आम्दानी भएको रकम बैंक दाखिलाभई आर्थिक प्रशासन शाखामा बैंक दाखिला भौचर तथा बैंक स्टेटमेन्ट प्राप्त भएपछि सोही आधारमा बैंक दाखिला रु.११५१५९४४.४४ र नगद रु.३५३७०.०६ समेत जम्मा रु.११५५१३१४.३८ आम्दानी बांधेको देखियो । कार्यालयले अध्यावधिक रसिद निययन्त्रण खाता नराखेको, गत आ.व.का रसिद समेत प्रयोग गरेको आ.व.को अन्त्य सम्म पनि नगद बाँकी रहेको देखियो । आ.व.को अन्त्यमा बाँकी रहेको नगद रु.३५३७०.०६ मिति २०७७।०५।२३ मा मात्र बैंक दाखिला गरेको देखियो । साथै राजस्व आम्दानीलाई नियन्त्रण तथा व्यवस्थित गर्ने निर्दिष्ठ फारामहरु राखी प्रमाणित गर्ने नगरेकोले वडाबाट प्राप्त हुने सबै आम्दानीहरु नियमित अनुगमन गरी तोकिएको अवधि भित्र राजस्व दाखिला नगरेकोमा आवश्यक कारवाही गर्नुपर्दछ ।	
४७.३.	**ठेक्काको अभिलेखः** नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ठेक्कागत अभिलेख खाता म.ले.प.फा.नं. ५०६ र ठेक्का सम्बन्धित गोश्वारा खाता म.ले.प.फा.नं. ५०७ अध्यावधिक गरी अभिलेख नराखेको हुँदा यो वर्षको ठेक्का सम्बन्धी विवरण र हाल सम्म बाँकी ठेक्काहरुको विवरण सम्बन्धमा उल्लेख गर्न सकिएन ।	
४७.४.	**तोक आदेशबाट योजनाहरु संचालितः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा योजना बनाई कार्यान्वियन गर्ने, दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था, दफा ७१ मा बजेट पेश र पारित गर्ने व्यवस्था छ । नगर परिषदबाट योजना किटान नगरी एकमुष्ट बजेट विनियोजन गर्ने गरेको तथा विनियोजित बजेटको योजनाहरु समेत परिवर्तन गरी नगर प्रमुखको तोक आदेशबाट योजनाहरु संचालन भएको देखियो । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ अनुसार योजना बनाई कार्यान्वियन गर्ने, दफा ६७ अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गरी दफा ७१ अनुसार बजेट पेश र पारित गर्दा योजनाहरु किटान गरी	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम

बजेट विनियोजन र खर्च गर्नुपर्नेमा पछिल्लो अवधिको नगरसभाबाट विभिन्न रकमान्तर सम्बन्धी निर्णय तथा नगरप्रमुख, नगरउपप्रमुख र प्रशासकीय अधिकृत स्तरका सम्पूर्ण निर्णय समर्थन गर्ने निर्णय गरी योजना कार्यक्रम नतोकि एकमुष्ट निर्णयबाट खर्च समर्थन गर्ने गरेको पाइयो । नियमनुसार बाजेट तर्जुमा तथा योजना कार्यान्वयन हुनुपर्दछ ।

४७.५. **आर्थिक सहायताः** स्थानीय सरकार संचालन ऐन, २०७४ मा आर्थिक सहायता वितरण सम्बन्धमा उल्लेख भएको छैन । कार्यालयले विभिन्न शिर्षकबाट समेत पुजा आजा, सम्मान, क्लव, समुहलाई सहयोग, सांस्कृतिक तथा खेलकुद कार्यक्रमको लागि आर्थिक सहायता वितरण गर्ने गरेको देखियो । ऐनमा नभएको आर्थिक सहायता वितरणमा नियन्त्रण हुनुपर्दछ ।

सि.नं.	भौ.नं.	मिति	माग गर्नेको नाम	रकम
१.	४६	२०७७/७/१९	जयराम राम सापकोटा	१५०००
२.	५४	२०७६/७/१९	कुमार सार्की	२००००
३.	५६	२०७६/७/२०	पयुस कर्माकर	१५०००
४.	५८	२०७६/७/२०	चडके मुर्म	१५०००
५.	६०	२०७६/७/२०	नाजविन खातुन	२००००
६.	६८	२०७६/७/२४	नुर अकनर	२००००
७.	६८	२०७६/७/२४	मो. करिम मुद्दिम मिया	२००००
८.	२८१	२०७६/११/६	टन्डेस सरदार	१५०००
९.	४९७	२०७७/२/२२	टिकाराम गच्छामी	१५०००
१०.	६२६	२०७७/३/२५	सावित्रा रेग्मी	३००००
			जम्मा	१८५०००

४७.६. **अनुदान वितरणः** अनुदान वितरण गर्दा दिगोपनलाई समेत दृष्टिगत गरी मापदण्ड, सीमा र कार्यविधि कार्यपालिकाले तयार गरी परिषदबाट पारित गरी लागु गर्नुपर्नेमा सो अनुसार मापदण्ड वेगर नै निम्नानुसार सघ संस्थालाई निवेदनको आधारमा रकम वितरण गरेको पाइयो ।

सि.नं.	भौ.नं.	मिति	माग गर्नेको नाम	रकम
१.	३३४	२०७६/११/२६	नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)	८०००
२.	३३८	२०७६/११/२६	किरात याक्थुङ	३००००
३.	३८१	२०७६/१२/०४	नेपाल तामाङ घेदुङ	१००००
४.	३८६	२०७६/१२/०७	एस एस साउन्ड सर्भिस	१००००
			जम्मा	५८०००

४७.७. **स्वास्थ्य केन्द्रहरुको श्रेस्ताको लेखापरीक्षणः** नगरपालिका भित्र रहेका सबै स्वास्थ्य संस्थाहरु नगरपालिका अन्तर्गत हुने भएतापनि यि संस्थाहरुमा छुट्टै व्यवस्थापन समिति रहेको र समितिले छुट्टै आय व्ययको लेखा राख्ने गरेको हुँदा नगरपालिकाबाट समेत समितिको खातामा रकम जम्मा हुने गरेको देखियो । नगरपालिका अन्तर्गतका ७ वटा स्वास्थ्य संस्थाहरुको गत आर्थिक वर्षको मौज्दात रु.१७३५५७४.५१ रहेकोमा चालु आर्थिक वर्षमा रु.१३५३४२८/- आम्दानी गरी रु.१९८६४९७.४२ खर्च हुँदा रु.११०२५०५.०९ स्वास्थ्य संस्थाहरुको बैंक खातामा मौज्दात रहेको छुट्टै आर्थिक विवरण पेश भएको छ । स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिको आय व्ययको हिसाव नगरपालिकाको एकीकृत आर्थिक विवरणमा समावेश भएको छैन । सबै कारोवारको एकीकृत विवरण तयार गरी लेखापरीक्षणको लागि पेश गर्नुपर्दछ ।

४७.८. **आर्थिक तथा प्रशासनिक कार्यः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६ ले आर्थिक कारोवार र अधिकार सम्बन्धमा व्यवस्था गरेको छ । प्रशासकीय अधिकृत र कर्मचारिहरुबाट सम्पादन हुनुपर्नेमा लागत अनुमान स्वीकृती तथा विलहरु स्वीकृत हुने कार्य जनप्रतिनिधि मार्फत गरेकोले ऐनको व्यवस्थाको पालना भएको मान्ने आधार देखिएन ।

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम

४७.९. **जिन्सी अभिलेख तथा वितरणको अवस्थाः** कार्यालयमा प्राप्त भएका जिन्सी मालसामानहरु अद्यावधिक गरी राख्नुपर्नेमा नगरपालिकाले विभिन्न सामाजिक संघ संस्थाहरुलाई विभिन्न कार्यक्रम र कामको लागि सामान खरिद गर्ने गरेकोमा जिन्सी खाताबाट कार्यक्रमको लागि खरिद गरिएका र कार्यालयका लागि खरिद गरिएका जिन्सी मालसामानको स्पष्ट विवरण खुलाई अभिलेख नराखेको खरिद भएका सामानहरु सामाजिक संघ संस्थाहरुको नाममा पठाउनु अघि निर्णय समावेश गरी अभिलेख नगरेको र अन्य संस्थामा पठाइएका मालसामानहरु सम्बन्धित संस्थामा दाखिला गरी सो संस्थाबाट हस्तान्तरण फारम फिर्ता लिई जिन्सीलाई अद्यावधिक नगरेको समेत देखिएको छ । पटके रुपमा कार्यक्रम संचालन गर्न मालासामान खरिद गरेकोमा खरिद गरिएका मालसामानहरु सम्बन्धित कार्यक्रम संचालन गर्ने शाखालाई बुझाई सो अनुसार कार्यक्रममा खर्च भएका मालसामान तथा अन्य जिन्सी सामान र वितरणको लागि खरिद गरिएका विउ मल समेत खरिद गरी वितरण गरेको अवस्था खुल्ने गरी नगरपालिकाले अद्यावधिक नराखेकोले एउटै कार्यक्रमको दोहोरो तेहेरो भुक्तानी हुने संभावना समेत रहकोले कार्यालयबाट प्रभावकारी नियन्त्रणको व्यवस्था हुनु पर्ने देखियो । जिन्सीको श्रेस्ता र अभिलेखको कार्य करारका कर्मचारीबाट संचालन गरेको समेत देखिएकोले करार सम्झौता थप नभएमा वा काम छाडेमा जिन्सीको अवस्था, अभिलेख समेत जिम्मेवार व्यक्तिमा नरहने देखिएकोले यस तर्फ कार्यालयले पुनः स्थायी कर्मचारीबाट जिन्सी भण्डार सम्बन्धी काम लगाउनुपर्दछ ।

४७.१० **विद्यालयलाई अनुदान वितरणः** शशर्त अनुदानबाट नगरपालिका दरवन्दीका शिक्षकहरुको तलव भत्ता वितरणको लागि निकासा भई खर्च भएको छ । दरबन्दी बाहेक थप कक्षा संचालनको लागि शिक्षक आवश्यक भएमा संचालक समितिले आफैले खर्च व्यहोर्ने गरी निजी श्रोतमा शिक्षक राख्न पाउने व्यवस्था रहेकोमा तपसिल अनुसारका विद्यालयहरुलाई समानिकरण अनुदानबाट निजी शिक्षक तथा खाजा खर्चमा निसर्त अनुदान दिई रु. ११५००००/- खर्च गरेकोले नियमित नदेखिएको रु. — बेरुजु रकम: ११५००००/-

भौ.नं./मिति	विद्यालयको नाम	अनुदान निकासा रकम	कैफियत
६८५/२०७७/३/२८	श्री सरस्वती आ.वि.	५००००	निजी शिक्षक
६८५/२०७७/३/२८	श्री शिद्धकाली आ.वि.	५००००	निजी शिक्षक
७०८/२०७/३/२९	श्री संस्कृत आ.वि.	५००००	निजी शिक्षक
न.पा. ७/२०७६/११/१३	श्री सौठा ब. क्याम्पस	१००००००	खाजा खर्च
	जम्मा	११५००००	

४७.११ **अंग्रेजी माध्ययमको कक्षा संचालन निकासाः** शिक्षा नियमावली २०५५ को नियम १०५ मा सामुदायिक विलालयले आफ्नै श्रोतबाट व्यहोर्ने गरी नियुत्ति गरेको शिक्षकलाई दिइने तलव भत्ता अन्य सुविधा विद्यालय आफैले वेहोर्नुपर्ने व्यवस्था छ । नगरपालिकाका दरवन्दीका शिक्षकहरुको तलव भत्ता वितरणको लागि शशर्त अनुदानबाट निकासा भएको छ । दरबन्दी बाहेक अंग्रजी माध्यमको थप कक्षा संचालनको लागि शिषक आवश्यक भएमा संचालक समितिले आफैले खर्च वेहोर्ने गरी निजी श्रोतमा शिक्षक राख्न पाउने व्यवस्था रहेकोमा नगरपालिकाले ४४ वटा विद्यालयमा ४५ जना करार शिक्षकहरुलाई तलव वापत मासिक रु.१००००/- का दरले पोशाक वापत वार्षिक रु.५०००/- का दरले जम्मा रु.६०७५०००/- विद्यालयहरुलाई भुक्तानी दिएको व्यहोरा गत विगत देखि औंल्याएकोमा यो वर्ष समेत सो सम्बन्धमा थप सुधार भएको पाइएन ।

<table>
<tr><th colspan="2">स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*</th><th>आर्थिक वर्ष-२०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७.१२</td><td>

कार्य प्रगतिः विद्यालयहरुको भौतिक सुधारको लागि तपसिल अनुसारका भौ.नं. र मितिबाट निकासा भएकोमा सो रकमको कार्य योजना र कार्य प्रगति संलग्न हुनु पर्नेमा अनुगमन प्रतिवेदन र कार्य सम्पन्न प्रतिवेदन लिएको नपाइएकोले निकासाबाट भए गरेका कामको कार्य अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ रु.

<table>
<tr><th>भौ.नं./मिति</th><th>विवरण</th><th>निकासा रकम</th></tr>
<tr><td>८/२०७६/११/१८</td><td>विद्यालय भौतिक सुधार</td><td>३५००००</td></tr>
<tr><td>११/२०७६/११/२५</td><td>विद्यालय भौतिक सुधार</td><td>२५३०००</td></tr>
<tr><td>२३/२०७७/३/२४</td><td>विद्यालय भौतिक सुधार</td><td>३५००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९५३०००</td></tr>
</table>

</td><td>९५३०००/-</td></tr>
<tr><td>४७.१३</td><td>

बैठक भत्ताः अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका २०७५ को दफा ७.१.१ मा कार्यालय समय भित्र बसेको बेठक र एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी मात्र बस्ने बैठकको भत्ता प्रदान नगर्ने उल्लेख छ । विपन्न नागरिक औषधि उपचार सहुलियत सिफारिस समितिको बैठक वापत भत्तामा रु.९२०००/- भुक्तानी दिएकोमा कार्यालय समय भित्र र एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी मात्र सहभागी भई बैठक बसेको भत्ता खर्च गरेकोले असुल हुनुपर्ने रु.

</td><td>९२०००/-</td></tr>
<tr><td>४७.१४</td><td>

विद्यालयलाई शशर्त अनुदान निकासाः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७८ मा आर्थिक वर्षको अन्त्य सम्ममा काम हुन नपाई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन वा धरौटी खातामा रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले शशर्त अनुदानमा निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च गरी बाँकी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । शशर्त अनुदान रकम विद्यालयको स्वीकृत कार्यक्रममा सोही आर्थिक वर्षमा खर्च हुने गरी विद्यालयहरुलाई निकासा गर्नुपर्नेमा सबै रकम विद्यालयको खातामा निकासा भएको देखियो ।

यो वर्ष महेन्द्र मा.वि. लाई प्राविधिक धार अनुदान जम्मा रु.२४४००००/- निकासा भएकोमा उक्त कार्यक्रमको ओ.जे.टि. अनुगमन रु.९९५९२/- व्यवहारिक सिप अभ्यासमा रु.४६३०००/- र कम्प्यटर तथा ल्याव सामाग्री खरिदमा रु.२०००००/- समेत जम्मा रु.७६२५९२/- खर्च हुन बाँकी रहेको आन्तरिक लेखापरीक्षणको समयमा शिक्षा शाखाबाट भएको विद्यालय अनुगमन प्रतिवेदनबाट देखियो । आ.व. २०७६।७७ को कार्यक्रमको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा फिर्ता गर्नुपर्नेमा शाखाको अनुगमन प्रतिवेदन अनुसार आ.व. २०७७।७८ को ६ महिना वितिसक्दा समेत खर्च नभएको हुँदा उक्त रकम असुल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु.

</td><td>७६२५९२/-</td></tr>
<tr><td>४७.१५</td><td>

मूल्य अभिवृद्धि कर कट्टीः मूल्य अभिवृद्धि कर (एक्काइसौं संशोधन) नियमावली २०५३ को नियम ६(ग) अनुसार सरकारी निकायले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ती हुने वस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेशेदार वा आपूर्तीकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको कार्यालयले यस प्रकारको भुक्तानीमा कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा नगरी दाखिला गरेको देखिएन ।

</td><td></td></tr>
</table>

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	भुक्तानीमा कर रकमको ५० प्रतिशतले हुन रकम कट्टा नगरेका तपसिल अनुसारका व्यवसायी फर्महरुको मूल्य अभिवृद्धि कर दाखिला समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.	७८७७०/-

भौ.नं./मिति	स्थाई ले.नं.	व्यवसायीको नाम	भ्याट सहित भुक्तानी रकम	भ्याट रकम	५० प्रतिशत म्याट कट्टा हुनु पर्ने
१८४/०७७/३	६००९०७५६९	पूर्वाञ्चल सोलर इनर्जी प्रा.लि.	१३६९३६९	१५७५३८.०३	७८७६९.०१
प्रदेश शशर्त अनुदान चालु					
२/०७७/३/२३		डाईनोसर ईन्टरप्राईजेज प्रा.लि.	१०००४६२	११५०८७	५७५४८.५०
		जम्मा	१३६९३६९	१५७५३९	७८७७०

४७.१६ **विपन्नको लागि घर निर्माणः** विपन्न नागरिकको लागि घर निर्माण गर्न रु.४९७९००००/- बजेट विनियोजन भएको छ ।। नगरपालिकाबाट प्रति घर रु.५१७८३/- का दरले ८३ वटा घर निर्माण गर्न रु.४९७८१४५३/- को लागत अनुमान तयार भई ६ वटा ठेक्का मार्फत कार्य भएकोमा कार्य सम्पन्न हुन नसकी रु.२६२९५६११/- फिर्ता भएको देखियो । समयमा कार्य सम्पन्न हुन नसक्दा लाभग्राहीहरु सुविधाबाट बन्चित भए भने विनियोजित बजेट फिर्ता हुँदा कार्य सम्पन्न गर्न नगरपालिकालाई थप व्ययभार पर्ने देखियो ।

४७.१७ **आय ठेक्काः** नगरपालिकाले आफ्नौ क्षेत्रभित्रका नदीहरुबाट प्राप्त हुने नदी जन्य पदार्थको आई.ई.ई गराई सो सम्बन्धी परिमाण र नाका समेत स्वीकृत गरेर मात्र नदी जन्य पदार्थको विक्रि वितरण प्रतिस्पर्धाबाट गराउनुपर्नेमा भरौट र बालुवा विक्रिको लागि मिति २०७६।०७।१४ र २०७६।८।३ मा सुचना प्रकाशन गरी सिलबन्दी दरभाउपत्र माग गर्दा दरभाउ पत्र पेश नभएको उल्लेख गरी प्रभाकर श्रेष्ठको निवेदनको आधारमा रतुवा खोलाबाट ४४२ ट्याक्टर बालुवा र ६६३ ट्याक्टर भरौट तथा बक्राहा खोलाबाट ४४२ ट्याक्टर भरौट मिति २०७६।१०।१५ सम्ममा विक्रि गर्न पाउने गरी रु.२०००००/- नगरपालिकालाई बुझाई कार्यदेश दिएकोमा सो कार्यको सम्झौता भएको छैन । खोलाबाट के कति परिमाणमा कहिले सम्म बालुवा भरौट विक्रि भयो कुनै अभिलेख नदेखिएकोले प्रकृतिक श्रोत र साधनको सदुपयोग भएको आश्वास्थ हुने आधार देखिएन । नगरपालिकाबाट समेत रु.१५८४५/- को बालुवा भरौट विक्रि भएकोले जम्मा रु.२१५८४५/- आय देखाई लेखाङ्कन गरेको छ ।

४७.१८ **अनुपातिक कट्टीः** कार्यालयले उपभोक्ता समिति मार्फत गराएको काममा सम्झौता बमोजिम व्यहोर्नुपर्ने अंश कट्टा गरेरमात्र भुक्तानी गर्नुपर्नेमा सम्झौता रकम भन्दा कमको कार्य गरेकोमा नगरपालिका तर्फको पुरै रकम भुक्तानी दिएकोले बढी भुक्तानी रकम असुल हुनुपर्ने रु. — बेरुजु रकम: ९२५२/-

भौ.नं./मिति	कामको विवरण	सम्झौता रकम	कार्य सम्पन्न रकम	न.पा.को भुक्तानी	बढी भुक्तानी
२५/२०७६/९/१५	अन्नत मन्दिर निर्माण उ.स.	१८०१८७	१७८६९९	१६३०००	११९२
२७०/२०७६/९/२१	नव दुर्गा मन्दिर	१९५८२५	१८६८०६	१७५०००	८०६०
				जम्मा	९२५२

- **प्रदेश सांसद निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमः**

४८. **जनश्रमदान** - प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन नियमावली २०७६ (दोश्रो संशोधन) अनुसार उक्त कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत काम गराउँदा भवन र पुलमा उपभोक्ता समितिले कम्तिमा १० प्रतिशत र अन्यमा भए कम्तिमा २० प्रतिशत योगदान

स्थानीय तहको नामः ***रतुवामाई नगरपालिका*** **आर्थिक वर्ष-२०७६/७७**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	गर्नुपर्ने व्यवस्था छ । यो वर्ष नगरपालिका अन्तर्गत संचालित यस कार्यक्रम तर्फका योजनाको नमूना छनौट गरी परीक्षण गरिएकोमा निम्नानुसार (भवन र पुल वाहेकका) काममा घटीमात्र जनसहभागिता लिई बढी खर्च गरेकोले नपुग जनसहभागिता वापतको रकम असुल हुनुपर्दछ रु.	६०८४५९.४६

सि.नं.	उपभोक्ता समिति र काम	सम्झौता रकम	कार्य सम्पन्न रकम	उपभोक्ताले व्यहोर्ने रकम	व्यहोरेको	घटी अनुपातिक कट्टी रकम
१.	कादुपाड शन्तिपुर लेटी सडक	५७५४२२२.०५	२४८६८४८.८०	४९७३६९.८	३६९१७६.०८	१२८१९३.७
२.	सोमबारे सडक उ.स. (सोनापुर)	१८७५३८४.१९	२३४४९३४.७०	४६८९८६.९	३४६९०९.५२	१२२०७७.४
३.	तिलो देवीघर-डाँगीटोल स्कल बाटो	११५०१५६.४३	९८७१५४.४५	१९७४३०.९	१२७७०१.३०	६९७२९.५९
४.	महुली बाटो अमखलेत राष्ट्र निर्माण वोर्डिङ जाने बाटो	११५४९६५.३७	११५६७६४.३६	२३१३५२.९	१५६७६४.३६	७४५८८.५१
५.	दिनेश शाह घर-युवराज सिग्देल सडक	११५०२३६.८४	११५२६००.०३	२३०५२०	१५२६००.०३	७७९१९.९८
६.	पाथीभरा प्रा.वि.-अल्टाई पूल सडक	११५१५८४.४८	११३६५५३	२२७३१०.६	१३६५५४	९०७५६.६८
७.	पाथिभरा स्कुल दक्षिण तिर	६६२६१६.४८	६६३५०८	१३२७०१.६	८७५०८	४५१९३.६
					जम्मा	**६०८४५९.४६**

४९.	**मेयर कप फुटवलः** स्थानीय सरकार संचालन ऐन २०७४ दफा ७३(७) मा नगर सभाबाट पारित योजना र कार्यक्रममा छुट्याइएको रकमबाट कार्यक्रम संचालन गरी खर्च गर्नुपर्ने व्यवस्था छ। नलगरपालिकाले २०७५।७६ मा मेयर कप फुटवल संचालन गर्न २०७५।११।२६ देखि २०७६।१२।१५ सम्म रु ११२३४२५/- को योजना सम्झौता मध्ये न.पाको रु.१००००००/- मात्र रहेको छ । सम्झौतामा उपभोक्ताले गर्ने क्रियाकलाप र रकम बाँडफाड गरी सम्झौता गरेको पाइएन । फुटवल खेल उपसमिति मार्फत संचालन गरिएको छ । उप समितिले रकम नपुग भएको निवेदनको आधारमा नगर प्रमुमको निर्णयबाट पदाधिकारी सुविधामा छुट्याइएको रकमबाट रु.८५००००/- थप गर्ने निर्णय गरेको तर नगरसभाबाट योजना क्रमगत नरहेकोमा २०७६।७७ मा सो प्रतियोगिताको लागि थप रु.७२६८६२/- भुक्तानी गरेको पाइयो । यो वर्ष रकम भुक्तानी गर्दा खेल संचालन अवधि पछिका तथा खेल संचालन अवधिमा खरिद गरिएको खेल सामाग्री, खेलाडीको लागि खाना, खाजा लगायतका विल समावेश गरेको छ । समितिलाई आ.व. २०७५।७६ कै अवधिमा भौ.नं. ४०५, ४२७, ४५८ बट रु.११२३१३०/- भुक्तानी गरिएकोमा समितिले २०७६।३।१५ मा आफ्नो खर्च सार्वजनिक गरेकोमा कूल खर्च उल्लेख नगरेको र भुक्तानी दिन बाँकी समेत नखुलाएकोले पछिल्लो अवधिमा गरिएका भुक्तानी दोहोरो परे नपरेको यकिन गर्न सकिएन । उक्त योजनाको कार्यसम्पन्न प्रतिवेदन समेत तयार नगरिएकोले सम्झौता भन्दा बढी र क्रमागत योजनामा समावेश नभएको कार्यक्रममा खर्च गरिएकोले दोहोरो खर्च भए नभएको यकिन हुनुपर्दछ । रकम थप गरी कार्य सम्पन्न गरेकोमा सम्पन्न प्रतिवेदन अभिलेख समेत पेश हुनुपर्ने खर्च रु.	७२६८६२/-
५०.	**योजना पुरा नगरी अधुरोः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद कार्य संचालन गर्दा सम्झौता तोकिएको अवधि भित्र तोकिएको स्टाण्डर्ड स्पेसिफिकेशनको आधारमा कार्य गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ठे.नं. २३/२०७५/७६ बाट झुर्किया बजारमा कृषि बजारका लागि संकलन केन्द्र स्थल, ड्रेन निर्माण समेतको कार्य गर्न रु.१०९६२२७८/-	

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	को लाई स्वीकृत गरी २०७६।१।२१ मा रु.१०६८०२६०/- मा उक्त कार्य २०७६।३।२५ सम्म पुरा गर्न यलम्वर न्यू कन्ट्रक्सनसँग सम्झौता गरेको छ । उक्त कार्यको २०७५।७६ मा रु. ८८००००/- भुक्तानी गरेको र २०७६।३।१० को का.पा. निर्णयबाट २०७६।८।३० सम्म म्याद थप गरेको छ । सो ठेक्काको पुन २०७६।६।२८ को निर्णयबाट गठन गरिएको समितिको सिफारिसमा २०७६।११।१० मा २०७६।१२ मसान्त सम्म म्याद थप गरेकोमा (ले.प.अवधि २०७८।२।१५ सम्म) तोकिएको अवधि भित्र कार्य सम्पन्न गरेको पाइएन । कार्यालयमा दर्ता नभएको निर्माण व्यवसायीको निवेदनमा काम सम्पन्न भएको उल्लेख गरेको ठेक्का फाइलबाट देखियो । कार्यालयका इन्जिनियरले २०७६।५।२०, २०७६।७।८, २०७६।७।१७ , २०७६।८।२० मा निर्माण व्यवसायीलाई ड्रेनको कभर स्लाबको गुणस्तर कमजोर भई फुटेकोले सिमेन्ट मापदण्ड बमोजिम निर्माण गरी परिवर्तन गर्न निर्देशन दिएको पाइयो । उक्त निर्माण कार्यमा प्रयोग गरिएका निर्माण सामाग्रीहरु स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन बमोजिम तोकिएको परिमाण र फ्रिक्वेन्सीमा परीक्षण गरेको ल्याव रिर्पोट समावेश नभएकोले परीक्षण कार्य पुरा गरे नगरेको यकिन गर्नुपर्दछ ।यो निर्माण कार्यमा प्रयोग गरिएका सबै सामाग्रीहरु सम्झौता बमोजिम कार्य तोकिएको गुणस्तरमा गराई २०७७।१२। मसान्त पछि लाग्ने पूर्व निर्धारित क्षतिपूर्ति लिई बाँकी कार्य पुरा गराउनु पर्दछ ।	
५१.	**योजना छनौट स्वीकृति र कार्यान्वयन स्थितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिषर्क बाहिरी गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ । २०७६।३।१० को तेस्रो नगरसभाबाट २०७५।७६ मा संचालन भएर क्रमागत अधुरो अवस्थमामा रहेको योजनाको नाम र रकम उल्लेख गरेको छ । क्रमागत योजनामा समावेश गरिएका उपभोक्ता समिति तर्फका १३ योजनाको लागि रु.८२८६६२५/- पारित गरेकोमा ५ योजनाहरु स्वीकृत गरी रु.२९१८४९०/- खर्च गरेको र नगर सभामा स्वीकृति गरेको पाइयो ।	
५२.	**सालबसाली योजनालाई क्रमागत गरी खर्चः** संघीय तथा प्रदेश सरकाबाट अनुदान प्राप्त गरी संचलित योजनाहरु तोकिएको आधारमा खर्च गरी खर्च नभएमा बाँकी रकम फिर्ता पठाउनु पर्ने व्यवस्था छ । तेस्रो नगरसभाको नीति कार्यक्रम तथा बजेटमा समावेश नभएका आ.ब. २०७५।७६ का (ठेक्कापट्टा भएका) योजनाको रु.१७०६००५३०.४० को लागत अनुमानमा रु.१३८००६१२६.५० को ठेक्का बन्दोवस्त गरी र.३६३५४२९६.४० भुक्तानी गरी बाँकी रु.१०१६५१८३०.१०/- रहेकोले ति योजना समेत २०७६।७७ मा संचालन गर्ने नगरप्रमुखबाट क्रमागत योजनामा समावेश गरी खर्च गराइएको छ । क्रमागत गरिएका ठेक्कापट्टा तर्फका योजना मध्ये ४ योजना नगर स्तरिय योजना, २ योजना अर्थ मन्त्रालय विशेष अनुदान, ४ योजना समपुरक तर्फका उल्लेख गरेको भएतापनि ४ योजनाहरुको श्रोत समेत खुलेको पाइएन । ठे.न .२७।२०७५।७६ योजनाबाट ह्युम पाइप खरिद तथा ढुवानी कार्य नगरपालिका भित्र आवश्यक स्थान मात्र उल्लेख गरि रु.५००२०२०/- लाई पुरै श्रोत नखुलाई क्रमगतमा सारेर खर्च गरेको छ । लागत साझेदारी समपुरक विशेष अनुदान तथा कार्यक्रमबाट स्वीकृत गरी संचालन गरिएका योजना कार्यक्रममा तोकिएको आधारबाट मात्र स्वीकृत र खर्च गर्नु गराउनु पर्दछ ।	
५३.	तेश्रो नगरसभाको निर्णय २ मा आ.ब. २०७६।७७ मा न.पा.को संचित कोषमा जम्मा भएको रकम आगामी नगरसभाबाट अनुमोदन हुने गरी नगर प्रमुखबाट विभिन्न योजनमा विनियोजन गर्न सक्ने अख्तियारी प्रत्यायोजन गर्ने निर्णय समेत गरेको देखियो ।	

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
५४.	सोही नगरसभाको निर्णय नं. १ मा आ.ब. २०७५।७६ मा भएका नगरप्रमुख, नगर उपप्रमुख र प्रमुख प्रशासकिय अधकृत स्तरित भएका सम्पूर्ण निर्णयहरु समर्थन गर्ने निर्णय भएको पाइयो। स्थानीय सरकार संचालन ऐन २०७४ को ७३ (७) को व्यवस्था बमोजिम नगरी पछिल्लो अवधिबाट अघिल्लो अवधिका खर्च स्वीकृती गरेको देखियो ।	
५५.	**क्रमागत योजना अवस्थाः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४(७) मा नेपाल सरकार तथा प्रदेश सरकार शर्शत अनुदान मातहत संचालन गरिएका योजना तथा कार्यक्रमहरु कार्यान्वियन गर्न तोकिएको आधारबाट गर्नुपर्ने व्यवस्था छ । राष्ट्रपति चुरे संरक्षण विकास समितिबाट २०७५।७६ मा प्राप्त रकम मध्ये गाइघाट-सातमेडी-मंगलबारे रतुवाखोला तटबन्द गर्न रु.५० लाखमा उपभोक्ता समितिसँग २०७६।२।३० सम्म कार्य गर्ने गरी संचालन गरेकोमा २०७६।२।२ मा पहिलो रनिङ विलको रु.२९५८३०५/- भुक्तानी गरेको पाइयो । सो कामलाई सम्झौता भई काम भैरहेको उल्लेख गरी तेश्रो नगरसभाले क्रमागत योजनामा रु.२०४१६४९/- बाँकी देखाइएको पाइयो । उक्त योजनाको यसवर्ष समेत कार्य नगरेको र योजनाको कार्यसम्पन्न भएको पाइएन । लेखापरीक्षणबाट सो स्थानमा गराइएको काम २०७६ श्रावणमा आएको बाढीले बगाएको जानकारी दिएको छ । नदीमा तटबन्द गर्ने कार्य सम्झौता २०७५ चेत्रमा गरेकोमा तोकिएको अवधिभित्र कार्य सम्पन्न भएको पाइएन तोकिएको अवधिमा कार्य प्रारम्भ नगरेको र तोकिएको अवधि सम्म डिजायन अनुसारको कार्य पुरा गराउनु पर्नेमा २०७६।२।२ मा प्रथम रनिङ विलको रकम भुक्तानी गरी बाँकी अवधिमा काम नगराईएको कारण उक्त काममा भएको लगानी समेत खेर गएको छ । थप लगानी र खर्चको अवस्था कार्यालयमा उपरोक्तानुसार तटबन्द गराएको स्थानमा कार्य चालु रहेकोमा खोलाको वहाव पश्चिम तर्फ ढल्कीएको र सो को कारण नगरका अन्य वडामा समेत थप क्षति हुने अवस्था देखाई अविलम्ब रोकथामको कार्य गराउन आवश्यक देखिएकोले विपद व्यवस्थापन समितिको २०७६।४।१५ को निर्णयबाट ८८० मिटर लम्बाईमा बाँसको पाइलिङ गरी तटबन्द निर्माण गर्ने कार्य उ.स.बाट गराउने गरी २०७६।४।१६ मा कार्यदेश पाइयो । सो आधारबाट उपभोक्ता समितिले कार्य प्रारम्भ गरेको अवस्थामा उक्त बाँसको पाइलिङको कामको नापजाँच र मूल्याङ्कन नभएको अवस्थामा २०७६।४।३२ देखि २०७६।५।३ सम्मको अविरल वर्षाको कारण सो काम समेत पुरै बगाएकोले उपभोक्ताको कामको भुक्तानी नपाएको अवस्था देखाई सो निर्माण कार्यमा प्रयोग भएका बाँस, तार र जनशक्ति, कामदारहरु बाँसेको ढुवानी भाडा समेतको दायित्व कार्यपालिकाले लिने २०७६।१०।१२ को निर्णय अनुसार सो कामको लागि लाग्ने अनुमान अनुसारको दररेटबाट रु.४५२३२८१/- हुने इन्जिनीयरले टिप्पटी मार्मत पेश गरेको भएतापनि स्थानीय सामाग्री बाँसको मूल्य स्थानीय दररेटबाट गरी कामदारबाट जिल्लादररेट अनुसार मूल्याङ्कन हुने आधार देखाई रु.३० लाखमा नबढ्ने गरी भुक्तानी सिफारिस गरेको पाइयो । विपद व्यवस्थापन समितिको निर्णयमा कामको लागत रु.४१६२१२९/- हुने आधारमा रु.३००००००/- उपभोक्ता समितिलाई क्षतिपूर्ती उपलब्ध गराउने निर्णय गरी २०७६।१०।२९ को प्रहरी सर्जमीन मूचुल्काको आधारमा यो वर्ष विपद व्यवस्थापन कोषबाट कामको मूल्याङ्कन नै नभएको कार्यमा भुक्तानी गरेको रु.	३००००००/-
५६.	**खर्च शिर्षक फरक गरी खर्चः** संघीय शशर्त अनुदान वापत न.पा.लाई प्राप्त रकम खर्च गर्दा प्राप्त खर्चको अख्तियारी र खर्च शिर्षकमा रही खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वास्थ्य	

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	तर्फको कर्मचारीहरुको लागि यो वर्ष प्राप्त तलव वापतको रकम खर्च गर्दा रकमान्तर स्वीकृत वेगर निम्नानुसार खर्च शिर्षक फरक पारी भुक्तानी गरेको नियमित नदेखिएकोले नियमित नभएको रु.	३७७८५०/-

भौ.नं./मिति	विवरण	खर्च लेख्नु पर्ने शिर्षक	खर्च लेखेको शिर्षक	रकम
१४/२०७६/७/२२	दैनिक भ्रमण भत्ता भुक्तानी	भ्रमण खर्च	तलव	१०१६५०
३८/२०७६/९/२	आयुर्वेद शाखाको मंसिर महिनाको महंगी भत्ता	महंगी भत्ता	तलव	६०००
१५/२०७६/७/२८	आयुर्वेद शाखाको कार्तिक महिनाको महंगी भत्ता	महंगी भत्ता	तलव	६०००
३९/२०७६/९/२	स्वास्थ्य शाखाको मंसिर महिनाको महंगी भत्ता	महंगी भत्ता	तलव	७६०००
२१/२०७६/८/३	कार्तिक महिना र अघिल्लो छुट महिनाको महंगी भत्ता	महंगी भत्ता	तलव	१०५०००
२९/२०७६/८/१९	भ्रमण खर्च भुक्तानी	भ्रमण खर्च	तलव	७२००
१३८/२०७७/३/१४	महंगी भत्ता स्वास्थ्य शाखा तर्फ	महंगी भत्ता	तलव	७६०००
			जम्मा	**३७७८५०**

५७.	**भ्रमण अभिलेखः** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नं. भ्रमणमा खटिनेको नाम दर्जा भ्रमण खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसूचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वास्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने व्यस्था छ । नगरपालिकाले यस वर्ष अनुगमन मूल्याङ्कन खर्चमा रु. २०००/- र भम्रण खर्चमा रु.१२७७२५०/- गरी जम्मा रु.१२७९२५०/- खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन । भ्रमण तथा अनुगमन प्रतिवेदन समेत आशिंक रुपमा राख्ने गरेको पाइयो । भ्रमण पश्चात अनिवार्य रुपमा भ्रमण प्रतिवेदन तथा अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गर्नुपर्दछ ।	
५८.	**मर्मत अभिलेखः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागगत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं.४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं.४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मतमा रु.१५६५५१५/- र मेशिन औजार मर्मतमा रु.३२९३४६/- गरी जम्मा रु.१८९४८६१/- खर्च गरेकोमा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्ने गरेको तथा मर्मत अभिलेख खाता राखेको पाइएन । नियमावलीमा व्यवस्था बमोजिम मर्मत अभिलेख खाता राख्नु पर्दछ ।	
५९.	**जिन्सीको व्यक्तिगत अभिलेख खाताः** प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि सम्बन्धी निर्देशिका २०७५ को बुँदा नं. १८ मा जिन्सी व्यवस्थापन सम्बन्धी मापदण्डको व्यवस्था छ । उक्त व्यवस्था अनुसार अनुसूची १ बमोजिमको ढाँचामा जिन्सी सामग्री प्रयोग गर्ने कर्मचारी वा पदाधिकारीको नाम श्रेणी, पद जिन्सी सामाग्रीको नाम र प्रकार, मूल्य, जिन्सी सामाग्री बुझिलिनेको हस्ताक्षर र मिति सहितको अभिलेख राख्नु पर्ने र सरुवा वा पदमुक्त भई	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	जाँचा बरबुझारथ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी सामाग्री प्रयोगको व्यक्तिगत अभिखले खाता राखेतापनी निर्देशिकाले तोकेबमोजिमको ढाँचामा सामाग्री बुझेको मिति, फिर्ता मिति, जिन्सी खाता पाना नं., फाँटवालाको दस्तखत र मूल्य समेत खुलाई राखेको पाइएन । निर्देशिकाले तोकेबमोजिमको ढाँचामा जिन्सीको व्यक्तिगत अभिलेख खाता राखि निर्देशिकाको पालना गर्नुपर्दछ ।	
	• **उपभोक्ता समिति मार्फत कार्य**	
६०.	**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।	
६१.	**जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ग्रामीण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।	
६२.	**डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।	

कार्य विवरण	परामर्शदाता	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
राजवशीं एकता समाज सामुदायिक भवन	वि.एम.एस नेपाल प्रा.लि.	७५१४५०	२२८५३२२०
सामुदायिक भवन (माटो परीक्षण)	अग्नी वोरिङ एण्ड सोइल टेस्ट प्रा.लि.	४६०९५०	
हाम्रो चौक पूर्व मदन मार्ग जोड्ने सडक	लाइफ टाइम इन्जिनियरीङ सोलुसन प्रा.लि.	७७६१४०	१०९६०८२९६
भवन निर्माण, मापदण्ड कार्यविधि तर्जुमा	ग्लोवल इन्जिनियरीङ कन्सल्ट	४९००००	
बजार अनुगमन निर्देशिका, न्यायीक कार्य सम्पादन कार्यविधि	साझा गनतव्य प्रा.लि.		
घरेलु तथा साना उद्योग दर्ता र खारेजी कार्यविधि		४८४७७०	
संगठनात्मक विकास तथा व्यवस्थापन	नेपाल इन्जिनियरीङ म्यानेजमेन्ट	९९९७४४	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	एण्ड डेभ्लोपमेन्ट जम्माः ३९६३०५४	
	यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । नगरसभाको नीति तथा कार्यक्रममा उल्लेख नभएको संगठन व्यवास्थापन सर्वेक्षण तथा अन्य विविध विषयमा निर्देशिका तयार गर्ने कार्य परामर्श सेवाबाट गराई खर्च गरेको छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।	
	• **शशर्त अनुदान आर्युवेद तर्फः**	
६३.	कार्यालयले आयुर्वेद तर्फको कार्यक्रमबाट निशुल्क स्वास्थ्यशिविर संचालनको लागि २०७७।१।१८ मा गौरीशंकर आयुर्वेदी सप्लायर्सबाट रु. २१७९८५/- औषधि खरिद गरेको छ । त्यसै गरी आयुर्वेद गाउँघर क्लिनिक संचालन गर्न झुर्किया, महादेवा २०७६।८।१२ मा वडा नं. २ र ४ मा को लागि रविन आयुर्वेदिक दमकबाट रु. १८९८९५/- औषधि खरिद गरेकोमा निशुल्क शिविर संचालन अवधि र स्थान तथा औषधि वितरणको अभिलेख लेखापरीक्षणमा पेश नभएकोले खर्च यकिन गर्न सकिएन । साथै गाउँघर क्लिनिक संचालन गरेको अभिलेख समेत पेश नभएकोले सो सम्बन्धी औषधि खर्चको प्रमाण पेश हुनुपर्ने रु.	४०७८८०/-
६४.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत रतुवाखोला पश्चिम पट्टी बोरा भर्ने कार्य सञ्चालन गरी यस वर्ष मस्टरोलबाट रु.४४९५५/- खर्च गरेकोमा बुझिलिएको देखिएन साथै प्लास्टिक बोरा १७००० पिस खरिद गरेकोमा स्टोर दाखिला देखाई भुक्तानी दिएको तर बोरा खपत गरी गराइएको कामको कार्य सम्पन्न तयार गरेको पाइएन ।	
६४.१.	स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत रतुवामाई नगरपालिका भित्रका २ वडाहरु *(वडा नं. २ र ३)* मा आर.सि.सि कल्भर्ट र ह्युम पाईप बिछ्याउने, रतुवा खोला तटबन्धमा बोरा भर्ने कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १७ जनालाई रोजगारी उपलव्ध गराई कुल खर्च रु.६४७०३६/- मध्ये बेरोजगालाई पारिश्रमिक बापत रु.७१४९६/- खर्च गरेको छ । लक्षित वर्गलाई ४ दिनदेखि १४ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।	
	• **धरौटीतर्फ**	
६५.	**धरौटी फिर्ता :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२) मा कार्यालयले निर्माण लगायत अन्य खरिद कार्यको भुक्तानी गर्दा कट्टा गरेको रिटेन्शन मनि फिर्ता भुक्तानी गर्दा पालना गर्नुपर्ने नियम सम्बन्धमा व्यवस्था छ ।आन्तरिक राजस्व विभागको परिपत्र अनुसार निर्माण व्यवसायीको धरौटी फिर्ता गर्दा सम्बन्धित आय वर्षको कर चुक्ता प्रमाण पत्र र	

<table>
<tr><th colspan="2">स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*</th><th>आर्थिक वर्ष-२०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>मू.अ.कर समायोजन समेतको प्रमाण लिएर मात्र धरौटी फिर्ता गर्नुपर्नेमा कार्यालयले निम्नानुसारका निर्माण व्यवसायी लगायत विक्रेताको धरौटी फिर्ता गर्दा सो अनुसार नगरी फिर्ता गरेको रु...
<table>
<tr><th>भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>धरौटी रकम</th><th>कैफियत</th></tr>
<tr><td>५-२०७६/७/७</td><td>पूर्वेली निर्माण सेवा</td><td>१८६२४६</td><td>मू.अ.कर समायोजन प्रमाण पेश नभएको</td></tr>
<tr><td>६-२०७६/७/१८</td><td>दिव्यशक्ति निर्माण सेवा</td><td>६२७९४</td><td>कर चुक्ता र मू.अ.कर समायोजन प्रमाण पेश नभएको</td></tr>
<tr><td>१०-२०७६/११/१३</td><td>के.एन. निर्माण एण्ड सप्लायर्स</td><td>१३०८५२।९५</td><td>मू.अ.कर समायोजन प्रमाण पेश नभएको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३७९८९२।९५</td><td></td></tr>
</table></td><td>३७९८९२.९५</td></tr>
<tr><td></td><td>• **स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम-(ब.उ.शि.नं.३६५००१०४३)**</td><td></td></tr>
<tr><td>६६.</td><td>**त्रुटीपूर्ण करविजक** :- भौ.नं.२-२०७७।३।९ मु.अ.कर नियमावली २०५३ बमोजिम करमा दर्ता भएका विक्रेताले सिलसिलेवार नम्बर सहित प्रिन्टेड कर विजक खरिद कर्तालाई दिनुपर्ने व्यवस्था छ । कार्यालयले आँपगाई ब्रदर्सबाट ४२ थान रेनकोट खरिद गरि बिजक नं हातले लेखेको २ थान कर विजकको मू.अ.कर सहित कुल रु.९९७५०/- भुक्तानी दिएकोमा भुक्तानी दिएको मू.अ. करको समायोजनको प्रमाण पेश हुनुपर्ने रु...</td><td>११४७६/-</td></tr>
<tr><td>६६.१.</td><td>**प्रमाण बेगर भुक्तानी** :- भौ.नं.४-२०७७।३।२९ बाट शिव निर्माण सेवालाई सोनापुर हटिया डाँडा कालोपत्रे निर्माण कार्य बापतको प्रथम रनिङ बिल (पि.एस.आईटम रु.३६४००/-समेत) रु.१३१९९५५/- भुक्तानी दिएकोमा पि.एस.आईटमको बील संलग्न रहेको नदेखिएकोले सोको प्रमाण पेश हुनुपर्ने रु...</td><td>३६४००/-</td></tr>
<tr><td>६६.२.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा भेरिएसन सम्बन्धी व्यवस्था छ । सार्वजनिक निकायले भेरिएसन सम्बन्धी कार्य गर्दा विशेषज्ञ समितिको सिफारिसमा ऐनको दफा ५४ मा तोकिएका अधिकारीले गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले यो वर्ष ठे.नं. १७/२०७६/७७ छालगाछी चौकीघाट सडकमा कार्य गर्ने गरी २०७७।२।१८ मा रु.४२१३६६१/- को सम्झौता गरी २०७७।३।२५ सम्म अवधि राखेकोमा उक्त कामको कार्यपालिकाबाट १६.१४ प्रतिशत भेरिएसन गरी रु.४८९३८८५/- पुऱ्याएको छ । उक्त सडक निर्माण कार्यको प्रथम रनिङ विलबाट भुक्तानी गर्दा कामको गुणस्तर परीक्षण गराएको प्रमाण पेश नभएको र कामको म्याद थप समेत भएको नपाइएको र भेरिएसन स्वीकृत गर्दा विशेषज्ञ समितिको सिफारिस समेत पेश नभएकोले नियम अनुसार भेरिएसन गराई कार्य गरेको आधार मान्न देखिएन रु.</td><td>२५९५३५४/-</td></tr>
<tr><td>६६.३.</td><td>शशर्त अनुदानबाट संचालित कार्यक्रम योजना सालबसाली रुपमा सम्पन्न गर्नुपर्ने व्यवस्था छ । योजनाको लागि प्राप्त रकम खर्च नभई बाँकी रहेमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष इटहरा मुक्तिघाट सडक निर्माण गर्न निर्माण व्यवासायी सुजन निर्माण व्यवसायीसँग रु. ४९०२९८०/- को सम्झौता २०७७।२।२१ मा गरी २०७७।३।२५ सम्म रहेकोमा उक्त योजनाको २०७७।९। मसान्त सम्म म्याद दिएको पाइयो । सालवसाली कार्यक्रमको रकमबाट बहुवर्षिय ठेक्का व्यवस्था गरी खर्च गरेको छ । निर्माण व्यवायीले पेश गरेको कामको विमा २ महिनाको अवधि मात्र रहेकोमा वीमा अवधि थप नगरी म्याद थप गराई रु. २३३९३७०/- भुक्तानी गरेको छ । वीमा वापत निर्माण व्यवसायीले रु. १६३८६/- भुक्तानी लिएकोमा वीमाको अवधि थप गराई सोको प्रमाण लिनुपर्दछ ।</td><td></td></tr>
</table>

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	• **ब.उ.शि.नं. ३१४०१०१२३ (सामाजिक सुरक्षा तथा संरक्षणतर्फ) :-**	
६७.	सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली-२०७६, सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरुः	
६७.१.	नगरपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.१४८९१२०००/- निकासा प्राप्त भएकोमा सबै रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ ।आन्तरिक लेखापरीक्षणबाट निकासा रकम मध्ये रु.१४७८०७०००/- खर्च भई मौज्दात रकम रु.११०५०००/- राजश्व शिर्षक १५१११ मा दाखिला भएको प्रतिवेदन प्राप्त भएकोमा छ । दाखिला भर्पाई मध्ये रु.१३०००/- मिति २०७७।३।३०मा भौ.नं.२६८६८३ बाट को.ले.नि.का खातामा वडा नं १० बाट फिर्ता दाखिला भएको देखियो ।	
६७.२.	भत्ता वितरण गर्दा कानूनमा व्यवस्था भए बमोजिमको रिभर्स फिड र फर्वाड फिडको प्रयोग गरेको पाईएन साथै भत्ता वितरण गर्न बैक पठाएको भरपाई, लगत कट्टाको विवरणको सफ्टकपी लगायतको माग भएको विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले बैंकमा निकासा पठाईएको रकम सम्बन्धित लाभग्राहिको खातामा दाखिला भए नभएको, दोहोरो भए नभएको, लगत कट्टा भएको लाभग्राहिको भत्ता निकासा भएनभएको लगायत खर्च एवं बैंकबाट फिर्ता गरिएको उल्लेखित निकासा फिर्ता रकम समेतको एकिन गर्न सकिएन ।	
६७.३.	**करार व्यवस्थापन:-** विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६.४.१ अनुसार प्रत्येक वडामा एक मात्र वैंक तथा वित्तिय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले वैंक तथा वित्तिय संस्था छनौट गरी सम्झौता गर्नुपर्नेमा लेखापरिक्षणमा बैंक संग भएको सम्झौता पेश नभएकोले सम्झौता मिति एकिन नभएको तर वडा नं.१,५,६,८ को भत्ता सप्तकोशी डेभलप्मेण्ट बैंकबाट, वडा नं.२ र ४ को भत्ता कृषि विकास बैंक लिमिटेडबाट, वडा नं ३ र ७ को भत्ता मेगा बैंक लिमिटेडबाट वडा नं ८ र ९, को भत्ता मितेरी विकास बैंक गरी एक भन्दा बढी वडाको लाभग्राहीलाई एउटै बैंकबाट सामाजिक सुरक्षा भत्ता बापतको रकम वितरण हुनेगरेको देखियो ।	
६७.४.	**एम.आई.एस विवरण :-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५को परिच्छेद ४ को बुँदा नं १५ मा एम.आई.एस अद्यावधिक लगतका आधारमा भत्ता रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाबाट प्राप्त एम.आई.एस विवरणको मूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना.प्र.नं दोहोरिएको तेहरिएको वा सो भन्दा बढी रहेको, ना.प्र.नं जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेको, समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम.आई.एस विवरण	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम

अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा नगरपालिकाले एम.आई.एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नु पर्दछ ।

६७.५. **बैंकलाई रकम निकासा** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा नं १६ अनुसार स्थानीय तहले प्रथम चौमासिकको भत्ता रकम असोजको दोश्रो हप्ता भित्र, दोश्रो चौमासिकको भत्ता रकम माघको दोश्रो हप्ता भित्र र तेश्रो चौमासिकको भत्ता रकम जेठको दोश्रो हप्ता भित्र वितरण गरि सक्नुपर्नेमा नगरपालिकाले प्रथम चौमासिकको भत्ता कार्तिक १,३,५,६ र मंसिर २३ गते, दोश्रो चौमासिकको भत्ता फाल्गुन २३ गते र २०७७ बैशाख १७ गते र तेश्रो चौमासिकको भत्ता २०७७ असार ३,४,८,११,१५ र १८ गते बैंकमा निकासा गरेको देखिन्छ ।कार्यविधिमा व्यवस्था भएको समय सिमाभित्र कुनैपनि चौमासिकको रकम बैंकमा पठाएको देखिएन ।कार्यविधिले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

६७.६. सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ अनुसार प्रत्येक आ.व.को श्रावण मसान्त भित्र लाभग्राहीको परिचयत्र नविकरण गर्नुपर्ने र नियम ११ मा नियम ५ अनुसार छनौट भएका लाभग्राहीलाई तोकिएनुसारको समयपछि भत्ता वितरण हुनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाबाट नविकरण सम्बन्धमा विवरण प्राप्त नभएकोले यस सम्बन्धमा एकिन गर्न सकिएन ।

६८. **पेश्कीः** यस वर्ष नगरकार्यपालिकाले विभिन्न कर्मचारी संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की मध्ये २०७७ आषाढ सम्म फर्सयौट नभई बाँकी रहेको निम्नानुसारको म्याद ननाघेको पेश्की रकम असुल फर्सयौट हुनुपर्दछ ।

नाम	रकम
आर के एस कन्स्ट्रक्सन प्रा.लि.	९२४०००
शिव निर्माण सेवा	५७५०००
स्टार दिव्य शक्ति कन्स्ट्रक्सन प्रा.लि.	१२००००
अनुवार निर्माण सेवा	३७५०००
जम्मा	१९९४०००

६९. **वार्षिक प्रतिवेदन —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

७०. **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्र्यौंटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
१	२०७५/७६	२२	मोविलाइजेसन पेश्की				२६८००००	२६८००००

स्थानीय तहको नामः *रतुवामाई नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	**लेखापरीक्षणबाट देखिएका व्यहोरा**	**बेरुजु रकम**

२	२०७५/७६	३३	बैठक भत्ता	१८०००				१८०००
३	२०७५/७६	३७	सिलाई मेशिन भरपाई		१७९६९७			१७९६९७
४	२०७५/७६	३९	वडा कार्यालय पेश्की				१६००५	१६००५
५	२०७५/७६	६३	कार्य सम्पन्न प्रतिवेदन		१५०००००			१५०००००
६	२०७५/७६	६९	अनुगमन भत्ता	२६७७५				२६७७५
							जम्मा	४४२०४७७

७१.	**सञ्चित कोष तथा बेरुजूको स्थितिः-** नगरपालिकाको सञ्चितकोषको स्थिति, बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति क्रमशः अनुसुची १, अनुसुची २ र अनुसुची ३ मा समावेश गरिएको छ ।	

अनुसुचीहरु

सञ्चित कोषको स्थिति

अनुसूची-१

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा/ नगर/गाउँ पालिका	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्यय				मौज्दात बाँकी
							गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
प्रदेश नं.१	मोरङ	रतुवामाई नगरपालिका	नगरपालिका	१६४१३०२	४५०३२	२.७४	१११३२३	३४४०१२	१०६६१४	११५५१	४५६१८२	९१८३५९	४४८२४४	२२९०८८	४५६११	७२२९४३	३०६७३९

बेरुजु बर्गीकरण

अनुसूची-२

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा /नगर/गाउँ पालिका	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फर्सयौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
				दफा संख्या			दफा संख्या			दफा संख्या			अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की		
				सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
प्रदेश नं.१	मोरङ	रतुवामाई नगरपालिका	नगरपालिका	६१	५१	१२४२३६	१	६	७९२०४	६०	४५	४५०३२	७३८	१२९०८	३१३८६	०	०	४४२९४	०	०	०

अद्यावधिक बेरुजुको स्थिति

अनुसूची-३

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा/ नगर/गाउँ पालिका	गत वर्षको अनुसूचीवाट	समायोजन	गत बर्ष सम्मको वाँकी वेरुजु	सं.प.को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेस्की
प्रदेश नं.१	मोरङ	रतुवामाई नगरपालिका	नगरपालिका	१२४५४२	०	१२४५४२	२८६९०	४४२१	२४२६९	०	१२०१२१	४५०३२	१६५१५३	२४०